झ) तीर्जापत्र धितो राखी सापट लिने जंगी निजामतीतर्फका कर्मचारीले पनि प्रत्येक चैत्र मसान्तसम्म आफूले सापट लिएको रकमको साँवा ब्याज चुक्ता गर्नुपर्छ । तेजारथ अड्डाले सोही अनुसार गर्नु गराउनु ।

ञ) सुन, चाँदी, गहना बन्धक राखी सापटी लिने महाजन, व्यापारीलाई पूरा विवरण खुलेको रसिद दिनु ।

ट) तमसुक किताब प्रत्येक वर्षको अलग अलग तयार गर्नु ।

ठ) सरकारी जागिर खाने वहालवाला जंगी निजामतीका अफिसरदेखि पिपा खलासीसम्मका जागिरदारले आफ्नो पाकेको बाली धिता दिन्छौं यति रूपैंया सापटी पाऊँ भन्न आएमा उनीहरूको दर्जा तलब के कति छ सम्बन्धित अड्डामा बुझी सोही अनुरूप सापटी दिनु र त्यसरी सापटी लिनेबाट सयकडा पाँच रूपैंया पचहत्तर पैसाका दरले ब्याज असुल गर्नु ।

ड) वहालवाला सैनिक र निजामती कर्मचारीबाट उनीहरूले सापट लिएको रूपैंयाको अवधि चैत्र मसान्तसम्म कायम गर्नु ।

ढ) वहालवाला कर्मचारीले सापटी लिन तमसुक गरिसकेपछि सापटी लिने कर्मचारीहरूले समयमा साँवा ब्याज तिर्न नसके उनीहरूको तिर्जा विक्री गराई तलबबाट कटाई असुल गर्नु ।

ण) वहालवाला कर्मचारीले उनीहरूको तलबको रु. ५० प्रतिशत जति रकम चैत्र मसान्तसम्म बुझाउने गरी सापटी प्राप्त गर्न सक्ने हुँदा सोही अनुसार गराउनु ।

त) सनद सवाल प्रमांगी भै आएमा विभिन्न पल्टनका हुद्दा, सिपाहीलाई निर्ब्याजी पेस्की सापटी दिनु । पेस्की सापटी दिँदा साल बसाल तलब खाने हुँदा सिपाहीलाई प्रत्येक महिनाको रु. ७ का दरले निर्ब्याजी सापटी दिनु र त्यसरी सापटी लिने व्यक्ति उक्त अवधिभित्र मऱ्यो भने उसले लिएको सापटी मिन्हा गर्नु । श्रीराइफल, कालीबहादुर पल्टन र नयाँ भर्ती भएका जवानहरूलाई मासिका रु. ११।१२ का दरले निर्ब्याजी पेस्की दिनु ।

थ) सदरभन्दा बाहिर सरकारी काममा जाने नगदी तलब खाने कर्मचारीलाई ६ महिनासम्मको तलब र बाली तलब खानेलाई बाली तलबअनुसार निर्ब्याजी सापटी दिनु तर यस कार्यका लागि पश्चिमका कमाण्डिङ जनरलको दस्तखत र मुलुकी अड्डा श्रेस्ता कौसलमार्फत् १ छापे दस्तखत भई आएको हुनुपर्छ ।

द) बिर्तावारको जग्गा बन्धक राखेर समेत विधि पुऱ्याई सापटी दिने काम गर्नु ।

ध) प्रत्येक साल तमाम भएको ६ महिनाभित्र सुन बन्धकी, चाँदी बन्धकी, जागिर नगदी धितो र तिर्जा धितो गरी चार महलमा हिसाबकिताप खडा गरी कुमारी चोक अड्डा दाखिल गर्नु ।

न) यदि कुनै खोटो मालदागी भएका रूपैंया, पैसा एक मोहोर बुझाउन ल्यायो भने त्यस्ता मुद्रा कैंचीले काटी टुक्रा टुक्रा पारेर सम्बन्धित व्यक्तिलाई फिर्ता गरिदिनु ।

प) गौंडा गढीबाट सरकारी काममा खटिएका जवानहरूलाई कामको अवधिसम्म आवश्यक पर्ने निर्ब्याजी पेस्की दिने काम सनद सवाल अनुसार गर्नु र सो पेस्की रकम उनीहरूको बाली तलबबाट कट्टी गर्नु ।

फ) प्रत्येक महिनाको ब्याजी र निर्ब्याजी पेस्कीका दुई स्याहा तयार गरी दफदर खाना श्री कुमारी चोकमा

दाखिल गर्नु ।

ब) त्यस अड्डामा हुने बिजुलीबत्तीबापत लाग्ने रकम महिना १ को रु. २ का दरले वर्षदिनको रु. २४ र चीम खर्च रु. ५ समेत जम्मा रु. २९ बिजुली अड्डामार्फत् दाखिल गर्नु ।

## ५. निष्कर्ष

राणा शासनकालमा केही वित्तीय संस्थाहरू स्थापना भएका थिए । तीमध्ये एउटा महत्वपूर्ण आर्थिक कारोबार गर्ने वित्तीय संस्था तेजारथ अड्डा थियो । सर्वप्रथम यस अड्डाको स्थापना राणा प्रधानमन्त्री रणोद्दीप सिंहले वि.सं. १९३८ मा काठमाडौं उपत्यकामा सेना, कर्मचारी, व्यापारी र सर्वसाधारण जनतालाई धितो लिएर सस्तो ब्याजमा ऋण उपलब्ध गराउनु र निर्धारित समय पूरा भएपछि साँवा ब्याज असुल गर्नु गराउनु रहेको थियो । चन्द्र शमशेरको समयमा तराईका विभिन्न जिल्लाहरूमा पनि तेजारथमार्फत् धितोमा ऋण दिन सक्ने व्यवस्था गरियो । विशेषतः साहु महाजनहरूले सर्वसाधारण जनतासँग चर्को ब्याज २०।२५ प्रतिशतसम्म लिने गर्दा ऋणीको घरबास उठ्ने गरेको र सरकारी कर्मचारी एवं व्यापारी वर्गले पनि क्रमशः सुलभ तरिकाले सरकारी ऋण लिएर निर्धक्क भई सरकारी सेवा गर्न र व्यापार व्यवसाय सञ्चालन गर्न सकून् भन्ने अभिप्रायले यस समस्यामा परेका उपत्यकाबाहिर काम गर्न जाने सेना कर्मचारीलाई निर्ब्याजी पेस्कीसमेत दिने गर्थ्यो । तेजारथ अड्डाको व्याख्या गर्दा प्रथम राणा प्रधानमन्त्री जंगबहादुरले सैनिक जवानको खानगी वा तिर्जापत्र धितो राखेर ऋण उपलब्ध गराउने व्यवस्था गरेको उल्लेख पाइन्छ तर त्यसबेला तेजारथ अड्डाको उल्लेख भएको थिएन । उनले वित्तीय संस्थाको रूपमा सराफखाना खडा गरेका थिए जुन अड्डाको काम नेपाली मुद्रा र भारतीय मुद्रा सटही गर्नु थियो । वि.सं. १९९४ साल कार्तिक ३० गते नेपाल बैंक लिमिटेडको स्थापना हुनुअघिसम्म तेजारथ अड्डाले महत्वपूर्ण वित्तीय संस्थाको रूपमा काम गरेको थियो । नेपाल बैंक लि.को स्थापना भएपछि भने तेजारथ अड्डाले गर्ने सबै काम नेपाल बैंक लिमिटेडले गर्न थाल्यो ।

## सन्दर्भसामग्री


### सरकारी कागजातहरू

तेजारथ अड्डाको काम गर्ने मोठ तहसिल अड्डाका हाकिम कारिन्दाका नाममा जारी भएको सरकारी सनद, वि.सं. १९३८ साल पौष सुदी ८ रोज ४ शुभम् ।

तेजारथको काम गर्न श्री राजदल कम्पु तिर्जा अड्डाका कामदार कारिन्दाका नाममा जारी भएको सनद, वि.सं. १९३८पौष सुदी ८ रोज ४ शुभम् ।

तेजारथको कामका लागि सुब्बा खिल शर्मा उपाध्यायको नाममा जारी भएको खड्ग निशाना सनद, १९५६ साल वैशाख सुदी ११ रोज १ शुभम् ।

कान्छा साहेब केशव विक्रम शाहको नाममा जारी गरिएको खड्ग निशाना सनद, वि.सं. १९७८ साल भाद्र २१ गते रोज २ शुभम् ।

तेजारथ अड्डाको नाममा जारी भएको सवाल सनद, वि.सं. १९८७ साल माघ २८ रोज ३ शुभम् ।

पुस्तक तथा लेखहरू
कँडेल, देवीप्रसाद, तेजारथदेखि नेपाल बैंक लिमिटेडसम्म, शिक्षा शास्त्र सौरभ, अंक ४, काठमाडौं : शिक्षा क्याम्पस, २०५२, पृ.४८-५२
सिवाकोटी, शेषराज, १९९४ सालको बैंक कानुन, नेपाल बैंक पत्रिका, संख्या ८, पूर्णांक १४०, नेपाल बैंक लिमिटेड, पृ. १-१६
अङ्ग्रेजी सामग्रीहरू
Adhikari, Krishna Kant, Nepal Under Junga Bahadur, Kathmandu; BUKU, 1984 A.D.
Agrawal, Hem Narayan, The Administratine System of Nepal, New Delhi: Bikash Publishing House, 1976 A.D.
Regmi , M.C., "Establishment to Tejarath office" Regmi Research Series Year 8, No.10, 1976
Sharma, Devi Prasad, Trade and Industry of Nepal during the period, Kathmandu: Ratna pustak Bhandar, 2009 A.D., p.267

# स्नातक तह अनिवार्य नेपाली प्रथम वर्षका साहित्यिक कृतिहरूको मूल्याङ्कन

❑ निराजन पन्त
सहायक-प्राध्यापक
नेपाली विभाग, मैयाँदेवी कन्या कलेज, भरतपुर, चितवन

## लेखसार

प्रस्तुत लेख त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय एवं मानविकी तथा सामाजिक शास्त्र सङ्काय, स्नातक तह प्रथम वर्षका लागि निर्धारित एकीकृत पाठ्यक्रमको सामान्य दिग्दर्शन एवं मूल्याङ्कन गर्ने उद्देश्यले तयार पारिएको हो । प्रस्तुत आलेखमा निर्धारित पाठ्यपुस्तकका निर्धारित कथा, कविता, उपन्यास, एकाङ्की र नाट्य विधाको सामान्य दिग्दर्शन र मूल्याङ्कन गरिनेछ। पूर्णाङ्क र अङ्कभारका तुलनामा स्नातक प्रथम वर्षको नेपाली विषयको पाठ्यक्रमको बाह्रौँ खण्डमा रहेको नेपाली साहित्यिक रचनाहरूको अध्ययन क्षेत्र फराकिलो देखिन्छ । अनिवार्य नेपाली नै मूल विषय हुनेहरूका साथै मूल नेपाली विषय नहुने शिक्षाशास्त्र सङ्काय र मानविकी सङ्कायअन्तर्गत स्नातक प्रथम वर्षमा पढ्नेहरूले यो पाठ्यखण्ड पढ्ने भएकाले यस पाठ्यांशको सान्दर्भिकता केलाउनु आवश्यक देखिन्छ। यस खण्डअन्तर्गत स्रष्टाको परिचय र प्रवृत्ति, साहित्यिक विधाको विधागत अध्ययन, आस्वादन र विश्लेषण, विधागत इतिहास, भाषिक सीपको प्राप्ति र अभिव्यक्तिगत कौशलको विकासजस्ता सबै पक्षको गहन शिक्षण असम्भव छ । तसर्थ कसरी अधिकाधिक उपयोगी हुने गरी साहित्यि कृतिहरूको अध्ययन गर्न सकिन्छ भन्ने यस लेखको सार हो । मौजुदा पाठ्यांशको मूल्याङ्कनका आधारमा साहित्यिक कृतिहरूको अध्ययन, कृतिको सामान्य अध्ययन र आस्वादन हो । भाषिक सिकाइ शिक्षणलाई केन्द्रबिन्दु बनाएर यस खण्डको अध्ययन गर्नु नै उपयुक्त हुन्छ भन्ने लेखनको सार हो ।

**प्रमुख शब्दावली :** त्रि. वि., पाठ्यक्रम, पाठ्यपुस्तक, विधा, मौजुदा, आख्यान, सशस्त्र द्वन्द्व, गद्य, पद्य, पूर्णाङ्की नाटक, एकाङ्की, मूल्याङ्कन, विश्लेषण, बहुवैकल्पिक, शिक्षणविधि, शिक्षाशास्त्र सङ्काय, मानविकी सङ्काय, अङ्कभार, पाठघण्टा ।

## १. विषयप्रवेश

चार वर्षे स्नातक तह प्रथम वर्षको अनिवार्य नेपालीको पाठ्यविषयअन्तर्गत एकाइ १२ मा पाठघन्टा ३० र अङ्कभार २० को साहित्यिक कृतिहरूको अध्ययन रहेको छ। (अनिवार्य नेपाली विषयको पाठ्यक्रम, २०६९, दो.सं.)। त्रिभुवन विश्वविद्यालयको स्नातक तह प्रथम वर्षको अनिवार्य नेपाली (४०१) शिक्षाशास्त्र सङ्काय र (३०१) मानविकी तथा सामाजिक शास्त्र सङ्कायको नयाँ पाठ्यक्रममा आधारित पाठ्यपुस्तकमा साहित्यिक रचनाका साथै एकाइ १, अक्षरीकरण र वर्णविन्यास, एकाइ २ : नेपाली शब्दभण्डार, एकाइ

३ : वाक्यतत्त्वपरक रचना, एकाइ ४ : सङ्कथन र पाठको संरचना, एकाइ ५ : पठनबोध, एकाइ ६ : सन्दर्भपूर्ण सूचनाको रूपान्तरण, एकाइ ७ : बुँदाटिपोट र संक्षेपीकरण, एकाइ ८ : अनुच्छेद रचना, एकाइ ९ : व्यावहारिक लेखन, एकाइ १० : निबन्धलेखन र एकाइ ११ : प्रतिवेदन लेखन रहेका छन् (न्यौपाने : २०७०, पृ. २१९)

प्रस्तुत लेखको उद्देश्य स्नातक प्रथम वर्षका सम्पूर्ण पाठ्यपुस्तकको मूल्याङ्कन गर्ने नभएर पाठ्यपुस्तकको बाह्रौं एकाइमा रहेको साहित्यिक कृतिहरूको अध्ययन शीर्षकमा रहेका साहित्यिक रचनाहरूको मात्र मूल्याङ्कन गरी निष्कर्ष निकाल्नु हो ।

एकाइ १२ मा साहित्यिक कृतिको अध्ययन मूल शीर्षक अन्तर्गत क) कथाखण्ड, ख) निबन्धखण्ड, ग) कविताखण्ड, घ) उपन्यासखण्ड, ङ) एकाङ्कीखण्ड, च) नाटक खण्ड रहेका छन् ।
पाठ्यपुस्तकमा समावेश भएका विभिन्न लेखकका साहित्यिक विधामा आधारित रचना पढेर विद्यार्थीहरूले साहित्यको आस्वादन र कृतिनिष्ठ आशयको बोधका साथै प्रतिक्रियात्मक लेखनतर्फ उत्प्रेरित हुने देखिन्छ । (गौतम : २०६९, मन्तव्य) पाठ्यपुस्तकको यस बाह्रौं एकाइमा जम्मा १८ वटा रचनाहरू छन् । त्यसमध्ये १६ वटा फूटकर रचना छन् । १ पूर्णाङ्की नाटक र १ उपन्यास यस खण्डमा समाविष्ट छन् । १६ वटा फूटकर रचनाहरूमध्ये पनि कविता, गीत, गजलविधाका ६, निबन्धविधाका ४, कथाविधाका ५, उपन्यासविधाका १, एकाङ्कीविधाका १ र पूर्णाङ्की नाटक १ छन् । नारी हस्ताक्षरद्वारा लिखित २ रचनामात्र यस खण्डमा समाविष्ट छन् भने १६ वटा रचनाका स्रष्टा पुरुष छन् ।

साहित्यको विधागत वर्गीकरणमा पर्ने सबै विधाहरू यस एकाइमा रहेका छन् । साहित्यको विधागत वर्गीकरणमा काव्य, आख्यान, नाटक र निबन्ध पर्दछन् । (उपाध्याय : २०५९, पृ. १८७) अनिवार्य नेपाली विषयको पाठ्यक्रमअन्तर्गतको साहित्यिक कृतिको अध्ययनबाट विद्यार्थीहरू निर्धारित कविता, गीत, गजल, कथा, उपन्यास, नाटक र निबन्ध विधाको अध्ययन तथा आस्वादन गर्न र प्रतिक्रिया दिन सक्षम हुनेछन् भन्ने पाठ्यपुस्तकको साधारण उद्देश्य देखिन्छ । त्यसैगरी निर्धारित साहित्यिक कृतिको अध्ययनबाट तिनको आस्वादन हुने विशिष्ट उद्देश्य पनि एकाइमा उल्लेख छ । (न्यू कोर्स २०७२/७३, पृ. १२-१३) पाठ्यक्रमले पाठ्यपुस्तकमा रहेको यस साहित्यिक कृतिको अध्ययनलाई आस्वादन र भाषिक सिकाइ शिक्षणसँग सम्बन्धित बनाएको देखिन्छ । त्यसैले यस एकाइको शिक्षण ऐच्छिक नेपाली मूल विषय बनाएर गरिने शिक्षणभन्दा भिन्न हुनुपर्दछ । यसका लागि कक्षागत व्याख्यान, प्रश्नोत्तर, छलफल, कक्षाकार्य, समूहकार्य, गृहकार्य, परियोजनाकार्य जस्ता शिक्षणविधि र ९० अङ्कको विषयगत र १० अङ्कको बहुवैकल्पिक प्रश्न गरी १०० अङ्कको वार्षिक परीक्षा लिने मूल्याङ्कनविधि उल्लेख गरिएको छ ।(न्यौपाने र अन्य : २०७४, पृ. ३००) जम्मा साहित्यिक कृतिको अध्ययनबाट भने २० पूर्णाङ्कको अङ्कभार उल्लेख गरिएको छ ।

## २. समस्याकथन र उद्देश्य

चार वर्षे स्नातक तहको प्रथम वर्षको शिक्षाशास्त्र सङ्कायको सबैको नेपाली (४०१) पाठ्यपुस्तकको बाह्रौं एकाइभित्र रहेका साहित्यिक रचनाको मूल्याङ्कन गर्नु नै यस लेखको मुख्य समस्या हो । ३० पाठ्यघन्टा र २० अङ्कभारको यो खण्डमा समेटिएका नेपाली साहित्यका सम्पूर्ण विधाहरूको परिचय निर्धारित विधाकेन्द्रित कृतिहरूको अध्ययन, स्रष्टाको परिचय र प्रवृत्ति पहिल्याउनु आफैँमा समस्या हो । पाठ्य विषयवस्तुका रूपमा

राखिएका नेपाली साहित्यिक रचनाहरूको विधागत र सृजनागत परिचय के हो ? साहित्यिक सृजनाहरूको शिक्षण र मूल्याङ्कनविधि के हुनुपर्दछ ? पाठघन्टा र अङ्कभारको विभाजन विधागत विविधता र फैलावटका दृष्टिले कति उपयुक्त छ ? भन्नेजस्ता समस्यामा आधारित भएर पाठ्यांशको मूल्याङ्कन गर्नु नै लेखको उद्देश्य हो ।

## ३. अनुसन्धानविधि

प्रस्तुत लेखनका लागि प्राथमिक र द्वितीयक सामग्रीहरूको उपयोग गरी तिनको विश्लेषण, व्याख्या र मूल्याङ्कन समेत गरेर निष्कर्ष प्रस्तुत गरिएको छ । यसका लागि प्राथमिक सामग्रीका रूपमा स्नातक प्रथम वर्षको अनिवार्य नेपाली विषयको पाठ्यपुस्तक, नेपाली साहित्यिक रचनालाई लिइएको छ भने उक्त पाठ्यखण्डको मूल्याङ्कनका लागि सो-सँग सम्बन्धित कृतिहरू र सत्यापनीय विषयलाई पुष्टि गर्न तत्सम्बन्धी पूर्वाध्ययनलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । सामग्रीसङ्कलनका लागि पुस्तकालयीय अध्ययनविधिको उपयोग गरी सङ्कलित सामग्रीको विश्लेषण भिन्न-भिन्न शीर्षकमा प्रस्तुत गरिएको छ ।

## ४. साहित्यिक रचना मूल्याङ्कनको सैद्धान्तिक आधार

साहित्यिक विधाहरूका मूल्याङ्कन गर्ने आ-आफ्नै विधागत आधारहरू छन् । वाङ्मयको एउटा हाँगा साहित्य हो भने साहित्यका पनि अनेक हाँगाहरु छन् । हरेक साहित्यिक विधाका निर्दिष्ट तत्वहरू हुन्छन् र तिनै तत्वहरूका आधारमा तत्वगत विश्लेषण गरिन्छ । सर्वप्रथम साहित्यलाई विधागत वर्गीकरण गर्दा प्रस्तुतिका आधारमा श्रव्य र दृश्य भाषिक माध्यमका आधारमा गद्य र पद्य गरी वर्गीकरण गरिएको पाइन्छ भने विधागत प्रकारका आधारमा काव्य, आख्यान, नाटक र निबन्ध गरी वर्गीकरण गरिएको पाइन्छ ।

कविता विधाको मूल्याङ्कन गर्न कविता विधाका तत्वहरु पहिल्याउनु पर्दछ। कविताका तत्व भनेका शीर्षक, विषयवस्तु, भाव, विम्व प्रतीक र अलङ्कार विधान हुन् । कविता विधाका लघुतमरुप, लघुरुप, मध्यमरुप, वृहतरुप र वृहत्तररुप हुन्छन् । सामान्यतया कविताका मुक्तक लघुतमरुपमा, फुटकर कविता लघुरुपमा खण्डकाव्य वा लामो कविता मझौला रुपमा महाकाव्य बृहतरुपमा पर्दछन् (पन्त २०६९, पृ ५) ।

आख्यान विधाका कथा र उपन्यास गरी दुई भेदहरु छन् । आख्यान विधाका पनि आफ्नै तत्वगत विशेषताहरु छन् । कथानक, पात्र पा चरित्र, उद्देश्य, परिवेश, दृष्टिविन्दु र भाषाशैली आख्यान अन्तर्गतका कथा र उपन्यास विधाका तत्वहरु हुन् । साठीका दशकका कथाका प्रवृत्तिहरु कथानक, पात्रचयन, शैलीविन्यास, परिवेश विधान, उद्देश्य निर्धारण हुन् । (भण्डारी पृ.५५)

नाटक दृश्य विधा हो । नाटक अन्तर्गत पूर्णाङ्की नाटक र एकाङ्की पर्दछन् । पूर्व र पश्चिम दुबैतर्फ नाटकका तत्वहरुको व्यापक चर्चा पाइन्छ । अन्य विधाबाट नाटकलाई अलग बनाउनेकाम नाटकका तत्वले गरेका हुन्छन् । साहित्यका अन्य सबै विधाका जस्तै यस विधाका पनि आफ्नै विधातात्विक विशेषताहरु छन् । नाटकका तत्व अनिवार्य र वैकल्पिक दुवै प्रकारका छन् । सामान्यतया नाटकका तत्वहरु भनेर कथावस्तु, पात्र वा चरित्र, संवाद, परिवेश, दृष्टिविन्दु, भाषाशैली, अभिनेयतालाई लिइन्छ । (उपाध्याय, २०५२, पृ.४७)

निबन्ध विधाका पनि आफ्नै विधागत विशेषताहरु छन् । निबन्ध विधाका तत्वहरु भन्नाले विषयवस्तु, शैली, उद्देश्यलाई लिइन्छ । भाषा र दृष्टिविन्दुलाई पनि निबन्धका सहायक तत्व अन्तर्गत राखिन्छ ।

## ५. नेपाली साहित्यिक रचनाहरू

प्रस्तुत शीर्षकमा त्रिभुवन विश्वविद्यालय स्नातक तह प्रथम वर्षअन्तर्गत शिक्षाशास्त्र सङ्कायका लागि निर्धारित पाठ्यक्रमको अनिवार्य नेपाली ४०१ विषयको बाह्रौं एकाइमा रहेको साहित्यिक रचनाको सामान्य परिचय र मूल्याङ्कन गरिएको छ । जम्मा १८ वटा रचनाहरू रहेको यो पाठ्यविषयमा साहित्यका सम्पूर्ण विधाहरूको प्रतिनिधित्व गराइएको छ । जसमा काव्य विधाका फुटकर कविता गीत र गजल गरी जम्मा ६ सृजना छन् भने आख्यान विधा अन्तर्गतका ५ कथा र १ उपन्यास गरी ६ वटा रचना छन् । त्यसैगरी नाट्य विधाका एक पूर्णाङ्की नाटक र १ एकाङ्की गरी २ रचना रहेका छन् भने निबन्ध विधाका ४ सृजना रहेका छन् । यसरी जम्मा १८ स्रष्टाका ४ विधाका १८ रचनाहरु साहित्यिक कृतिको अध्ययन भित्र रहेका छन् । जसलाई निम्न तालिकामा देखाउन सकिन्छ ।




(ज्ञवाली र अन्य : २०७३, पृ. ३२३)

## कथा खण्ड

कथा खण्डअन्तर्गत ५ वटा कथाहरू पाठ्यपुस्तकमा सङ्कलन गरिएका छन् । विश्वेश्वरप्रसाद कोइरालाको एक रात, राजेन्द्र विमलको लङ्का काण्ड, पद्मावती सिंहको आरुको बोट, ऋषिराज बरालको पछ्वरिया टोल, महेश विक्रम शाहको गाउँमा गीतहरू गुञ्जिँदैनन् ।

## मूल्याङ्कन

विश्वेश्वरप्रसाद कोइरालाको एक रात फाँसीको सजाय पाएको प्रजातान्त्रिक योद्धाको मनोविज्ञानमा आधारित कथा हो । कथामा फाँसीको यातना पाएको व्यक्तिको मनोविज्ञानको सूक्ष्म चित्रण गरिएको छ । त्यसैगरी प्रजातन्त्र नचाहने निरङ्कुश शासकहरूले प्रजातान्त्रिक योद्धाहरूमाथि कस्तोसम्म क्रूर व्यवहार गर्दथे भन्ने यथार्थ पनि खोतलिएको छ ।

राजेन्द्र विमलको लङ्का काण्ड कथा नेपालको तराई खण्डको कथा हो । यसले मधेस आन्दोलनलाई स्मरण गराएको छ । पहाडे र मधिसेहरूबीचको द्वन्द्वलाई यस कथाको विषयवस्तु बनाइएको छ । कथामा बृहत् राष्ट्रिय चिन्तनलाई ध्यान दिनुको सट्टा नेपाली-नेपालीबीचमा बिखण्डनको अवस्था आएको र त्यसको परिणामले राष्ट्रियता नै खतरामा परेको अवस्थाप्रति सङ्केत गरिएको छ ।

पद्मावती सिंहको आरुको बोट कथा एक किशोरीको यौन संवेदनालाई व्यक्त गरिएको कथा हो । कथामा आरुको फललाई पुरुष यौन अङ्गका रूपमा किशोरीले ग्रहण गरेकी छ । कथाका माध्यमले यौवनावस्थामा प्रवेश गर्दै गरेकी एक किशोरीको अनुभूति मनोवैज्ञानिक किसिमले चित्रण गरिएको छ । ऋषिराज बरालको पछवरिया टोल कथा व्यङ्ग्यप्रधान राजनीतिक कथा हो । नेपाली राजनीतिका क्षेत्रमा देखिएको निकृष्ट र फोहोरी अभ्यासलाई कथाले देखाएको छ । जनतालाई सिँढी बनाएर सत्ताको शिखर आरोहण गर्ने राजनीतिज्ञहरूको चरित्रप्रति व्यङ्ग्य गर्नु कथाको उद्देश्य हो ।

महेशविक्रम शाहको गाउँमा गीतहरू गुन्जिँदैनन् कथा दशवर्षे जनयुद्धको परिवेशमा आधारित कथा हो । जनयुद्धको समयमा गाउँहरू उजाड बनेको वास्तविकता कथामा चित्रण गरिएको छ । विद्रोही र सरकारी पक्षबीच चलेको युद्धले त्यतिबेला गाउँहरूको अवस्था कस्ता बनेको थियो भन्ने कुराको चित्र कथाले उतारेको देखिन्छ ।

## शिक्षण विधि

व्याख्यान विधि, छलफल प्रश्नोत्तर विधि, प्रतिवेदन प्रस्तुति विधि, लेख प्रस्तुति विधि, तुलना विधि, समीक्षा विधि, पठनबोध विधि, जस्ता विधिहरूमध्ये कुनै एक वा अनेक विधिको उपयोग गरेर कथाको शिक्षण गर्न सकिने अवस्था देखिन्छ ।

कविता

विवेच्य पाठ्यांश कविता, गीत, गजल अन्तर्गत निम्न स्रष्टाका निम्न रचनाहरू पाठ्यपुस्तकमा समावेश गरिएका छन्, माधव घिमिरेको , भूपी शेरचनको मेरो चोक, दुर्गालाल श्रेष्ठको मनको दैलो, हरिभक्त कटुवालको भोलिको नेपाल, अमर गिरिको चराका गीतहरू, धीरेन्द्र प्रेमर्षिको आँसु लुकाई परेलीमा ।

## मूल्याङ्कन

कविता, गीत, गजल अन्तर्गत ६ जना स्रष्टाका ६ वटा रचनाहरू समाविष्ट छन् । माधव घिमिरेको कविता पद्य कविता हो । उपजाति छन्दमा विरचित विवेच्य कवितामा साढे चार पद्य रहेका छन् । कवितामा सबैको एउटै मन होओस् भन्ने उदात्त विचार प्रकट भएको छ ।

भूपी शेरचनको मेरो चोक कविता गद्य कविता हो । कवितामा आम नेपालीहरूको गरिबीको तीतो यथार्थ चित्रण गरिएको छ । रोग, भोक र शोकले ग्रस्त नेपाली जनताको जीवनको प्रस्तुति गर्नु कविताको उद्देश्य हो ।

दुर्गालाल श्रेष्ठको मनको दैलो कविता युगीन परिवेशमा देखिएका विकृति र विसङ्गतिमा केन्द्रित देखिन्छ । मानवतावादको विकास गरी बाह्य भन्दा आन्तरिक परिवर्तन गर्न सके समाजमा सही किसिमको रूपान्तरण आउँछ भन्ने यसको आशय रहेको छ ।

हरिभक्त कटुवालकको भोलिको नेपाल कविता भोलिको सुन्दर नेपालको परिकल्पना गरिएको कविता हो । नेपालको वर्तमान जे-जस्तो भए पनि भविष्य सुन्दर छ भन्ने आशावादी सन्देश यस कविताले दिन खोजेको छ ।

अमर गिरिको चराका गीतहरू कविताले राजनीतिक क्रान्तिको आवश्यकतालाई औँल्याएको देखिन्छ । यथास्थितिमा देश चल्न नसक्ने उल्लेख गर्दै विगतका गल्तीहरूबाट पाठ सिकेर नयाँ तरिकाले सङ्घर्ष गर्दै अगाडि बढ्नुपर्ने आवश्यकतामा कविताले जोड दिएको छ ।

धीरेन्द्र प्रेमर्षिको आँसु लुकाई परेलीमा गजल हो । प्रस्तुत गजलमा मानवीय संवेदना र अनुभूतिको प्रकटीकरण गरिएको छ । सुखलाई मरुभूमिमा पानीको झलक दिने बालुवा हो भन्दै दुःख नै जीवनको यथार्थ हो भन्ने भाव यस गजलमा व्यक्त छ ।

## शिक्षणविधि

निर्धारित काव्य/कविताको शिक्षणका लागि गीत तथा अभिनय विधि, अर्थबोध विधि, व्याख्या विधि, खण्डान्वयन विधि, व्यास विधि, तुलना विधि र समीक्षा विधि जस्ता विधिको उपयोग गर्न सकिने देखिन्छ । (न्यौपाने : २०७०, पृ. २३१-२३२)

## निबन्ध खण्ड

निबन्ध विधाका पाठ्यपुस्तकभित्र ४ स्रष्टाका ४ सृजना समाविष्ट छन् । लक्ष्मीप्रसाद देवकोटाको के नेपाल सानो छ ?, शङ्कर लामिछानेको गोधूलि संसार, भैरव अर्यालको टाउको र शारदा शर्माको सुखसत्ता जस्ता चारवटा निबन्धहरू यस अन्तर्गत पर्दछन् । आत्मपरक र वस्तुपरक दुवै शैलीका यी निबन्धहरू वर्णनात्मक र विवरणात्मक हास्यव्यङ्ग्यात्मक शैलीमा रचना गरिएका छन् ।

## मूल्याङ्कन

के नेपाल सानो छ ? निबन्ध आत्मपरक शैलीमा लेखिएको निबन्ध हो । निबन्धमा नेपालको भौगोलिक, प्राकृतिक र सांस्कृतिक अवस्थको वर्णन छ । यस निबन्धलाई निबन्धकारले वर्णनात्मक शैलीमा लेखेका छन् । नेपाल भौगोलिक हिसाबले सानो भए पनि भावनात्मक हिसाबले र प्राकृतिक हिसाबले ठूलो छ भन्ने राष्ट्रभक्तिको भावना निबन्धमा व्यक्त छ ।

शङ्कर लामिछानेको गोधूलि संसार निबन्धमा जीवनका निराशा, कुण्ठा र पीठालाई अभिव्यक्त

गरिएको  छ । यो निबन्ध जीवन विषयक चिन्तनप्रधान निबन्ध हो । आत्मपरक शैलीमा लेखिएको यो निबन्धमा निराशावादी जीवनदृष्टि पाइन्छ ।

भैरव अर्यालको टाउको निबन्ध हाँस्यव्यङ्ग्य शैलीमा संरचित निबन्ध हो । यो निबन्धको पनि शैली वर्णनात्मक देखिन्छ । टाउको टोपी अड्याउने स्ट्यान्ड हो त्यसरी नै नेपालीहरूको टाउको अथवा नियति पनि विदेशीहरूका सिद्धान्त र स्वार्थ अड्याउने माध्यम बनेकोप्रति लेखकले व्यङ्ग्य गरेका छन् । यो निबन्ध राष्ट्रिय राजनीति र परिस्थितिप्रति व्यङ्ग्य गरिएको निबन्ध हो ।

सुखसत्ता निबन्ध शारदा शर्माले लेखेको निबन्ध हो । चिन्तन विषयको यो निबन्ध आशावादी सन्देश दिने निबन्ध हो । जीवन विषयक दर्शन नै यस निबन्धको विषय हो । सुख र दुःख मानिसभित्रै छन् भन्दै निबन्धकारले विधेयात्मक सोच राखेर जीवनका सकारात्मक फल, आनन्द र सुख प्राप्त गर्नुपर्छ भन्ने सन्देश दिएकी छिन् ।

## शिक्षणविधि

निबन्ध शिक्षणका अनेक विधिहरु छन् । सामान्यतया पाठ्यांशमा निर्धारित निबन्धका शिक्षणका लागि प्रवचनविधि, प्रश्नोत्तर विधि, छलफल विधि, सूत्रविधि, स्वाध्याय र मन्त्रणाविधि, समीक्षाविधि, पठनबोध विधि, प्रस्तुतीकरण विधि जस्ता विधिहरूको उपयोग गर्न सकिने देखिन्छ । (न्यौपाने : २०७०, पृ. २३३)

## उपन्यास खण्ड

खण्ड घ अन्तर्गत उपन्यास खण्ड रहेको छ । त्रि.वि. स्नातक प्रथम वर्षको एकीकृत पाठ्यक्रम अन्तर्गत सरुभक्तको चुली उपन्यासलाई समावेश गरिएको छ ।

## मूल्याङ्कन

स्नातक प्रथम वर्षको निर्धारित पाठ्यक्रममा उपन्यासकार सरुभक्तको चुली उपन्यास राखिएको छ । वि.सं २०५९ मा प्रकाशित चुली उपान्यास उपन्यासकारको पाँचौं उपन्यास हो । पर्वतारोहीका संवेग र संवेदनालाई उपन्यासमा विषयीकरण गरिएको छ । नेपालको सर्वोच्च शिखर सगरमाथा एक्लै आरोहण गर्ने एक वीर नेपालीको वीरताको चित्रण उपन्यासमा गरिएको छ । हिमाल आरोहणका क्रममा आरोहीका मनमा उत्पन्न हुने अनेक भावहरू र कठिनाइको चित्रण उपन्यासमा गरिएको छ । नेपाली पर्वतारोहीको उच्च मनोबल र वीरता प्राप्त गर्ने अभिलाषालाई पनि उपन्यासले सङ्केत गरेको छ । जति नै वीर भए पनि अन्त्यमा प्रकृतिसँग मानिसको केही नलाग्ने निष्कर्ष देखाउँदै हिउँ पहिरोमा परी पर्वतारोहीको जीवन समाप्त भएको मार्मिक प्रसङ्ग उपन्यासमा चित्रण गरिएको छ ।

## शिक्षणविधि

कथामा जस्तै उपन्यास शिक्षणका लागि पनि समान किसिमका विधिहरूको उपयोग गर्न सकिने देखिन्छ । त्यसका लागि व्याख्यान विधि, तुलना विधि, छलफल विधि, समीक्षा विधि, प्रतिवेदन विधि,

पठनबोध विधि, लेख प्रस्तुति विधि जस्ता विधिहरू उपयोगी हुन्छन् ।

## एकाङ्की खण्ड

एकाइ ङ अन्तर्गत एकाङ्की खण्ड रहेको छ । एकाङ्की दृश्य साहित्य अन्तर्गत पर्दछ । विजय मल्लद्वारा रचित सत्ताको खोजमा एकाङ्कीलाई पाठ्यपुस्तकमा समावेश गरिएको छ । यो एकाङ्की साझा एकाङ्की सङ्ग्रहमा सङ्ग्रहीत देखिन्छ ।

## मूल्याङ्कन

सत्ताको खोज एकाङ्की एकाङ्कीकार विजय मल्लले लेखेको एकाङ्की हो । नारी अस्मिताको विरुद्धमा लाग्ने प्रवृत्तिमाथि एकाङ्कीले प्रहार गरेको छ । नारीपात्रको बहुलता रहेको विवेच्य एकाङ्कीमा मीना, शीला, भाउजु जस्ता नारीपात्रले नारी स्वत्व र अस्मिताको रक्षाका लागि लडेका छन् ।

## शिक्षणविधि

एकाङ्की शिक्षणका लागि व्याख्याविधि, आदर्श नाट्यविधि, रङ्गमञ्च अभिनय विधि, कक्षा अभिनय विधि, संयुक्त विधि, समीक्षा विश्लेषण विधि जस्ता विधिहरूको जस्ता विधिहरूको उपयोग गर्न सकिन्छ ।

## नाटक खण्ड

खण्ड च अन्तर्गत नाटक पर्दछ । नाटक दृश्य विधा अन्तर्गत पर्दछ । कृष्ण शाह यात्रीको पीडा आरोहण नाटकलाई पाठ्यक्रममा समावेश गरिएको छ । यो नाटक नाटककारको अतिरिक्त यात्रा नाट्यसङ्ग्रहबाट लिइएको हो ।

## मूल्याङ्कन

पीडा आरोहण नाटकका लेखक कृष्ण शाह यात्री हुन् । जम्मा तीन अङ्क रहेको यो नाटकमा आरम्भ खण्ड, मध्य खण्ड र अन्त्य खण्ड छन् । विवेच्य नाटकमा नेपालमा चलेको दश वर्षे सशस्त्र द्वन्द्वको स्मरण गराइएको छ । दश वर्षे जनआन्दोलनको दौडानमा राज्यले अनुभव गरेको पीडालाई नाटकले सम्बोधन गरेको छ ।

## शिक्षणविधि

नाटकको शिक्षणमा पनि एकाङ्कीको जस्तै शिक्षणविधि अवलम्बन गर्न सकिन्छ । जस्तै व्याख्या विधि, आदर्श नाट्य विधि, रङ्गमञ्च अभिनय विधि, कक्षा अभिनय विधि, संयुक्त विधि, समीक्षा-विश्लेषण विधि आदि नाट्य अध्ययनका विधिहरू हुन् ।

## ६. निष्कर्ष

नेपाली साहित्यिक रचनाको १२ औं खण्ड, साहित्यिक कृतिको अध्ययन सम्पूर्ण विधाहरूको आस्वादन गर्ने गराउने लक्ष्य राखेर समावेश गरेको देखिन्छ । यस खण्डमा साहित्यका सबै विधाहरू समावेश गरिएका छन् । जसमा १८ जना स्रष्टाका १८ वटा नै रचनाहरू छन् । यसमध्ये १६ वटा रचनाहरू फुटकर स्वरूपका र बाँकी २ वटा रचनाहरूमध्ये १ पूर्णाङ्की नाटक र १ उपन्यास पर्दछन् । पाठ्यक्रममा साहित्यिक कृतिहरू समावेशको उद्देश्य विद्यार्थीहरूमा साहित्यिक कृतिहरूको आस्वादन र कृतिनिष्ठ आशयको बोधका साथै उनीहरूलाई प्रतिक्रियात्मक लेखनतर्फ उत्प्रेरित गराउनु हो (गौतम : २०६९, मन्तव्य) । पाठ्यक्रममा समाविष्ट साहित्यिक खण्डको उद्देश्य विषयशिक्षण नभएर भाषिक सीप शिक्षण वा साहित्यिक कृतिहरूको स्वाध्ययन र आस्वादन हो । त्यसैले यी कृतिहरूको माध्मले विद्यार्थीहरूले पठन-कौशलको विकासका साथै विशिष्ट अभिव्यक्ति क्षमताको विकास गर्ने देखिन्छ ।

अनिवार्य नेपाली विषयको शिक्षण, ऐच्छिक नेपालीको जस्तो गहन र विश्लेषणात्मक व्याख्या-विवेचनाको नभएर भाषिक सीपका विशिष्ट ढाँचामा अभिव्यक्त गर्ने सीप र कौशल विकास गर्ने हो । पाठ्य विषयभित्रको बाह्रौं एकाइ व्यापक देखिए पनि यसको मूलभूत उद्देश्य साहित्यिक कृतिहरूको पठन, आस्वादन र भाषिक सिकाइ शिक्षणसँग मात्र सम्बन्धित देखिन्छ । एकाइ १२ को साहित्यिक कृतिको अध्ययन भित्र रहेका काव्य विधाका गीत, गजल र कविता गरी ६ वटा रचनाहरू छन् । कवितामा गद्य र पद्य दुवै धार समावेश छन् भने यस खण्डमा गजल जस्तो आधुनिक विधालाई पनि समावेश गरिएको छ। आख्यानविधा अन्तर्गतका कथा र उपन्यास दुवै पाठ्यक्रममा समावेश गरिएका छन् । कथाले आधुनिक कथाका उत्तरवर्ती प्रवृत्तिहरुलाई आत्मसात गरेको देखिन्छ । पाँचवटा कथाहरूमध्ये धेरै कथाहरूले दस वर्षे जनआन्दोलन र मधेश आन्दोलन जस्ता पछिल्ला दिनमा विकसित घटनाक्रमलाई विषयीकरण गरेका छन् । उपन्यास नेपाली राष्ट्रियता, स्वाभिमान र नेपाली जातिको उच्चताको प्रतीक सगरमाथा र यसको आरोहणसँग सम्बन्धित देखिन्छ । एकाङ्की र नाटक खण्डमा एक-एकवटा रचनाहरू रहेका छन् । विधागत पहिचानका लागि यी दुवैको विशिष्ट उद्देश्य रहेको देखिन्छ। निबन्ध खण्ड अन्तर्गतका चारवटा निबन्धहरूमा पनि विषयगत, शिल्पगत र प्रस्तुतिगत भिन्नताहरू देखिन्छन् । यी निबन्धहरूले निबन्ध रचनाका आधुनिक मान्यता र विशिष्टतालाई परिलक्षित गरेका छन् । यसरी स्नातक प्रथम वर्षका शिक्षण सामग्री बन्न पुगेका यी रचनाहरु विद्यार्थीहरुको स्तरगत उमेरगत र अवस्थागत विविधतालाई सम्वोधन गर्ने खालका देखिन्छन्। पाठ्यक्रमले विधागत विविधताका यी रचनाहरुमा प्रवृत्तिगत विविधता र आस्वादनगत विविधता पनि दिन खोजेको देखिन्छ । साहित्यिक कृतिको अध्ययन-अध्यापनका लागि कक्षागत व्याख्यान, प्रश्नोत्तर, छलफल, कक्षाकार्य, समूहकार्य, गृहकार्य, परियोजनाकार्य जस्ता शिक्षण विधि र मूल्याङ्कन विधिका रूपमा १०० पूर्णाङ्कमध्ये ९० अङ्कको विषयगत र १० अङ्कको बहुवैकल्पिक प्रश्न सोधिने उल्लेख गरिएको छ । नेपाली साहित्यिक रचनाको पाठघन्टा ३० र अङ्कभार २० तय गरिएकोले समयमा नै यो पाठ्यक्रमा निर्धारित पाठ्य सामाग्रीहरुको  सामान्य अध्ययन पूरा गर्न पनि चुनौतिभने देखिन्छ ।

## सन्दर्भसामग्री

उपाध्याय, केशवप्रसाद (२०५९) साहित्य-प्रकाश, ललितपुर : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०५२) नाटक र रङ्गमञ्च, काठमाडौं : रुमु प्रकाशन ।
गौतम, देवीप्रसाद र अन्य (सम्पा). ( २०७६) वाङ्मय, कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, त्रि.वि. ।
टी.यु. कोर्स अफ स्टडीज (२०७२/७३), काठमाडौँ : त्रिभुवन विश्वविद्यालय ।
नेपाली साहित्यिक रचना (२०६९), ललितपुर : साझा प्रकाशन ।
न्यौपाने दीपकप्रसाद (२०७०) नेपाली तथा नेपाली शिक्षा उपप्राध्यापक परीक्षा मार्गदर्शिका, काठमाडौँ : सनलाइट पब्लिकेसन ।
न्यौपाने, महेश्वर र अन्य (सम्पा). (२०७४), अनिवार्य नेपाली, काठमाडौँ : करुधरा पब्लिकेसन ।
पन्त, निराजन (२०६९) देवघाट (अप्रकाशित सिर्जनापत्र) काठमाडौं : त्रि.वि कीर्तिपुर ।
भण्डारी, महेन्द्र (वि.सं २०७६) साठीका दशकका नेपाली कथाका प्रवृत्ति....हैमप्रभा जर्नल.अङ्क १८ बिजौरी दाङ : ने.सं.वि जनता विद्यापीठ ।
श्रेष्ठ, दयाराम र अन्य (सम्पा).(२०७१), सुबोध अनिवार्य नेपाली, बागबजार : भुँडीपुराण प्रकाशन ।

# सुम्निमा उपन्यासको मनोवैज्ञानिक अध्ययन

❑ सन्तोष घिमिरे

**लेखसार**

विश्वेश्वरप्रसाद कोइराला मनोवैज्ञानिक उपन्यासकार हुन् । उनको यस उपन्यासले फ्रायडीय सिद्धान्तलाई आत्मसात् गरेको छ ।यस उपन्यासको मनोवैज्ञानिकता अचेतनमा रहेको अतृप्त यौन केन्द्रित छ । उपन्यासले समाजमा यौन अनाचारलाई प्रेरित नगरी शरीर र मनको सही संयोजन हुनुपर्ने जसले गर्दा मानवजीवन सुखदायी हुने तथ्यलाई प्रस्तुत गरेको छ । उपन्यासको माध्यमबाट उपन्यासकार कोइरालाले भौतिकवाद र अध्यात्मवादको समन्वयमा जीवनलाई अगाडि बढाउनुपर्ने जीवनवादी विचार व्यक्त गरेका छन् । अतः उपन्यासको यौनवादी विचार केवल यौनसन्तुष्टिका लागि मात्र नभएर मूलतः मानवीय अस्तित्वका सन्दर्भमा प्रस्तुत भएका देखिन्छन् । उपन्यासमा मूल रूपमा नेपाली आर्य र अनार्य संस्कृति र संस्कारको सजीव चित्रण पाइन्छ । यसरी मनावादी दर्शन, प्रकृतिवादी दर्शन र अस्तित्ववादी दर्शनको त्रिवेणीको रूपमा सुम्निमा उपन्यास देखापरेको छ ।

**प्रमुख शब्दावली :** अचेतनस्व, यथार्थस्व, कायिक, मानसिक, मानसिक अन्तर्द्वन्द्व, अचेतन मन, अवचेतन मन, चेतन मन, मनसा भोग्या, मानसगर्भ, पराहम्, मनोविकार ।

## १. विषयप्रवेश

विज्ञानका अधिकांश पक्षहरूको मूल आधार मानिएको भौतिक विज्ञानले स्पर्श गर्न नसकेको एउटा जटिल र व्यापक विश्व बनेको अभौतिक ब्रह्माण्ड ज्ञान जगत् आज मनोविज्ञान भएर स्थापित भएको छ । यस ब्रह्माण्डको अध्ययन र विश्लेषण गर्ने पद्धतिको स्थापना गर्ने मनोविज्ञानका ज्ञाता फ्रायड, युङ र एडलर जस्ता व्यक्तिहरूबाट विश्वमा प्रस्तुत विज्ञानले अध्ययनको विधागत अस्तित्व १९ औँ शताब्दीपछि कायम गर्न पुग्यो । मान्छेका बाह्य क्रियाकलाप, बाह्य आचरण जस्ता पक्षमा व्यक्त हुने प्रतिक्रियाहरू अनेकतम विसंगत र मानसिक दुर्बलता अथवा अति आकर्षणका कारणले जन्माउने प्रत्युत्पादनहरू मान्छे स्वयम्कै अन्तर्मनका प्रेरणाबाट निर्देशित हुन्छन् भन्ने कुरा आज यस विज्ञानको अध्ययनमा जुटेका अध्येताका प्रयत्नबाट पुष्टि हुन आएको छ । जीवाणुहरूको अन्तःसंरचना, भावनात्मक र अमूर्त संवेदनाको क्रियात्मक तत्व हो मन भनेको । मनका वृत्तिहरूको प्रस्तुती हो, उसको क्रियाकलाप । प्राणी जगत्का सम्पूर्ण क्रियात्मक अभिव्यक्तिहरू स्थापना गर्ने सन्दर्भमा प्रतिपादन हुन आउने परिणामहरू नै त्यस जीवका मनका फलित

पक्षहरू हुन् । वस्तुतः सम्मोहन र विरेचनको कारण मनोविज्ञान, आवेग र उत्तेजनाको कारण, कुण्ठित र दमित संरचना, स्वपीडन र परपीडनबाट परितृप्ति बोध गर्ने स्नायुप्रणालीको अध्ययन गर्ने साधन मनोविज्ञान बन्दै गयो ।

## २. समस्याकथन र उद्देश्य

विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूले मनोविश्लेषण र यौनमनोविश्लेषण परम्परा विकसित गर्नमा ठूलो योगदान दिएका छन् । 'सुम्निमा' उपन्यासको मनोवैज्ञानिक अध्ययन गर्नु यस लेखको मुख्य समस्या हो । यसमा 'सुम्निमा' उपन्यासको मनोवैज्ञानिकता के कस्तो छ ? उपन्यासले यौन सिद्धान्तका विविध पक्षहरूलाई कसरी प्रस्तुत गरेको छ ? उपन्यासका माध्यमबाट उपन्यासकारले के कस्तो विचार अभिव्यक्त गर्न चाहेका हुन् ? यिनै प्रश्नहरूमा केन्द्रित रही विवेच्य उपन्यासको वैशिष्ट्य केलाउनु यस लेखको मूल उद्देश्य रहेको छ

## ३. सैद्धान्तिक ढाँचा र सामाग्री संकलन

प्रस्तुत लेखका निम्ति सामागी संकलन गर्दा मूलतः पुस्तकालयीय पद्धति अपनाइएको छ । साथै सम्बन्धित विशेषज्ञहरूसँगको छलफल र सुझावलाई समेत आधार बनाइएको छ । संकलित सामग्रीलाई परिचयात्मक, वर्णनात्मक एवम् विश्लेषणात्मक पद्धति अँगालेर पूर्वीय तथा पाश्चात्य मनोविज्ञान सिद्धान्तका आधारमा उपन्यास 'सुम्निमा' को कृतिपरक विश्लेषण गरिएको छ ।

## ४. विश्वेश्वरप्रसाद कोइराला र सुम्निमा

साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाको जन्म बनारसमा पिता कृष्णप्रसाद र माता दिव्या कोइरालाबाट वि.सं. १९७१ भदौ २४ गते भएको हो भने उनको देहावसान २०३९ साउन ६ गते भएको हो । कथाक्षेत्रमा प्रेमचन्दबाट प्रभावित कोइरालाले आफ्नो साहित्यिक यात्रा हिन्दी कथा 'घोसला' 'पथिक' जस्ता प्रेमचन्दबाट नै सम्पादित हंस पत्रिकामा छपाएर गरेका थिए । कोइरालाको नै वि.सं. १९९२ को शारदामा 'चन्द्रवदन' शीर्षक कथा छापिएपछि उनी नेपाली कथाका फाँटमा यौन मनोविश्लेषणको परम्परा सुरुवात गर्दै देखा पर्दछन् । त्यसैगरी भिक्टर ह्युगोका उपन्यासबाट प्रभावित भएर कोइराला उपन्यासलेखनमा प्रवृत्त भए । उनी जाँ पाल सार्त्र र अल्बर्ट कामुको अस्तित्ववादी दर्शन तथा फ्रायडको मनोविश्लेषण चिन्तनबाट अत्यधिक प्रभावित थिए ।

उपन्यासकार कोइरालाको वि.सं. २०२७ सालमा प्रकाशित सुम्निमा उपन्यास प्रकाशनका दृष्टिले तेस्रो उपन्यास हो । कोइराला ६ उपन्यासहरू नै नेपाली सामाजिक पृष्ठभूमिसँग सम्बन्धित छन् तापनि सुम्निमा चाहिँ किराँत र ब्राह्मण संस्कृतिको प्राचीन रूपलाई छर्लङ्ग्याउन चाहन्छ । यो उपन्यासको जन्म पनि जेलमा भएको हो । सुम्निमामा जीवनका दुई पक्ष अध्यात्म र शरीरको विमर्श छ । यहाँ कोइरालाले शरीर भन्नाले स्थूल शरीरको व्याख्या नगरेर फ्रायडीय सिद्धान्तमा अडेर मनोजगत्को व्याख्या गरेका छन् ।

## ५. सुम्निमा : मनोवैज्ञानिक अध्ययन

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाले 'सुम्निमा' उपन्यासको सुरुमै उपन्यासभित्रका घटना र चरित्रहरूलाई पौराणिक वा ऐतिहासिक सत्यको बदला सांकेतिक र प्रतीकात्मक रूपमा बुझ्न आग्रह गरेका छन् । उपन्यासमा मनस् र शरीरलाई जोडेर हेर्ने र अलग्याएर हेर्ने परम्पराको बहस छ, एवम् दुवैलाई समन्वित गरेर हेर्ने र अलग्याएर हेर्ने परम्पराको स्थूल प्रस्तुति पनि छ (राई, १९७४:२७५) । योगी सोमदत्तको विवेक-स्वमा कामापराध प्रवृत्तिको उदय एवम् सुम्निमाप्रति अतृप्त प्रेमले गर्दा भोगी सिद्ध हुन जान्छ । त्यस्तै पुलोमा पनि यथार्थ-स्वमा भिल्ल युवकप्रति अतृप्त प्रेमले गर्दा कामापराधी भोग्या सिद्ध हुन गएकी छे । उपन्यासमा पात्रहरूको आत्मसजगता र पारस्परिक अविश्वास, संयमहीनता, चारित्रिक अनियन्त्रण र अनैतिक सहसम्बन्ध दृष्टिगोचर भइरहेछ । 'आमा र माता' शब्दहरूको वादविवादमा उनीहरूको यथार्थ-स्व र आदर्श-स्वको संघर्षबाट पारस्परिक सम्बन्ध पनि बढ्दै गएको देखिन्छ । सोमदत्तको आदर्श-स्वका तत्वहरू उसको पिता सूर्यदत्तद्वारा ऊभित्र अंकुरित गराइएको थियो । ऊ बटुक भएकै बेला उसको अपरिपक्व कायिक स्वको दमन गराउनुको साथै उसमा आदर्श-स्व कमजोर भइदिनाले मात्र आडम्बरको रूपमा विकसित भएको देखिन्छ । तरुण सोमदत्तको यथार्थ-स्वले उसको कायिक-स्वका दमित इच्छा र कामवासनाहरूलाई समायोजित गर्न गाह्रो परेको देखिन्छ । सुम्निमाले आफ्नो कायिक-स्व एवम् मूल प्रवृत्तिहरूको प्रस्फुटन देखाउँदा सोमदत्तको आदर्श-स्वको आभ्यन्तरमा विचित्र आकुञ्चन देखापर्छ । यसमा सुम्निमाले वास्तविक प्रकृतिको प्रतिनिधित्व गर्दछे ।

सोमदत्तको लागि जसरी सुम्निमा मनसा भोग्याको रूपमा प्रतिबिम्बित भई, त्यसै प्रकार पुलोमाका लागि पनि सोमदत्त विस्मृत भएर भिल्ल युवक भोग्यको रूपमा चित्रित हुन पुगेको छ । सोमदत्तले आफ्नो मन सुम्निमालाई समर्पित गऱ्यो एवम् पुलोमाले पनि आफ्नो मन भिल्ललाई समर्पित गरी तर ती दुवै समर्पण अचेतन मनबाट प्रेरित भएका थिए । यस महामिलनको क्षणमा दुई चेतन र दुई अचेतन मनहरूको उपस्थिति र मिलन देखिन्छ । स्ववीर्यबाट जन्मेका छोरालाई सोमदत्त सुम्निमाको मानसगर्भको उपज ठान्न लाग्दछ भने पुलोमा भिल्ल युवकको मानसवीर्यबाट जनित ठान्न लाग्दछे । यस पराहंको द्वन्द्वको परिणामस्वरूप दुवैमा विक्षिप्तिको विकास हुन्छ ।

उपन्यासमा सोमदत्त पुलोमा दुवै दमित गराइएका कामवासनाहरूद्वारा पीडित, विक्षुब्ध र विक्षिप्त जस्तै देखिन्छन् । इद र सुपरइगोको द्वन्द्वमा पिल्सिएका दुवैका बालसखा भिल्ल युवक र किराँत युवती सुम्निमालाई स्मरण गर्दै गराइएको त्यस रातको समागमको अविस्मरणीय कल्पना यथार्थमा अचेतनको काम अतृप्तिलाई देखाउनु हो, भन्न सकिन्छ । त्यसैले अचेतनको कामवृत्तिलाई अप्राकृतिक रूपमा दमन गर्ने सुपरइगोको असफल प्रयासअन्तर्गत नै दुवैमा क्लान्त स्थिति, पारस्परिक द्वेष र दुर्बलताहरू उत्पन्न हुनु मानसिक द्वन्द्वकै परिणाम हो (सुवेदी, २०५३:२४४)। सोमदत्तको छोरो र सुम्निमाकी छोरीमा बाल्यकालीन विशुद्ध प्रेम थियो । दुवैले एकअर्कालाई चाहे, विवाह गरे र तिनीहरूको जीवन सुखी भयो । जुन दाम्पत्य सम्बन्ध सोमदत्त र सुम्निका लागि सामाजिक र सांस्कृतिक प्रतिरोधले गर्दा असम्भव थियो, त्यही सम्बन्ध तिनीहरूका सन्ततिहरूका लागि सुगम र सहज भइदियो । जुन सांस्कृतिक वैषम्य र व्यक्तिगत अचेतन प्रेमको अपूर्णता एवम् असफलताबाट सोमदत्त र सुम्निमा आजीवन वञ्चित र पीडित थिए, त्यही अपूर्ण प्रेम तिनीहरूका सन्ततिहरूका लागि पूर्णता प्राप्तिका लागि द्रुततर गतिले अग्रसर हुँदै थियो । तिनीहरूको प्रेमसम्बन्धलाई किराँती मनोविज्ञानले पूर्ण हमति जनायो । वास्तवमा चेतन र अचेतन मनको द्वन्द्वपूर्ण

रागात्मक वृत्ति वा यथार्थता सोमदत्त र पुलोमामा विश्लेषित छ र सुम्निमा उपन्यास यही मानसिकताको उद्घाटनमा निर्मित छ ।

## ६. उपन्यासका पात्रहरू र मनोविज्ञान

पौराणिक जस्तो लाग्ने तर श्रुतिपरम्पराबाट प्राप्त कथावस्तुका आधारमा लेखिएको उपन्यास सुम्निमामा संख्यात्मक हिसाबले पात्रहरू धेरै छैनन् । उपन्यासको मुख्य नारीपात्र सुम्निमा हो र मुख्य पुरुष पात्र सोमदत्त हो । पुलोमा सहायक नारीपात्रका रूपमा देखिन्छे । सोमदत्तकी आमा, पुलोमाकी आमा, सुम्निमाकी आमा, सुम्निमाकी छोरी साधारण नारीपात्र हुन् भने सूर्यदत्त, पुलोमाको बाबु, सुम्निमाको बाबु (बिजुवाबा), भिल्ल, राजकुमार आदि साधारण पुरुषपात्रहरू हुन् ।

पात्रहरूको चरित्रको विकासक्रम ठीक प्रकारले भएको छ छैन थाहा पाउन उनीहरूको मानसिक स्थितिका आरोह, अवरोहहरू जान्नु आवश्यक हुन्छ । व्यक्तिको मानसिकतामा जेलिएर रहेका गुत्थीहरू फुकाउँदै गएपछि व्यक्तिले आफ्नो जीवनमा गरेका सबै असंगत, विसंगत र सुसंगत क्रिया प्रतिक्रियाका कारकतत्व फेला पार्छ । विनाकारण कुनै प्रतिक्रिया वा घटना हुँदैन । पात्रको ठीक मनोविश्लेषणबाट उसका जीवनमा अप्रत्यासित देखिने र अचम्मलाग्दा सबै कुराहरूलाई स्वाभाविक रूपमा व्याख्या गर्न सकिन्छ । यसै कुरालाई स्पष्ट पार्दै फ्रायड भन्दछन् : ''मनोविश्लेषणका अनुसार मनको परिभाषा के हो भने यसमा अनुभूति, विचार र इच्छाका उपक्रम हुन्छन् र मनोविश्लेषण के भन्छ भने अचेतन विचार र अचेतन इच्छा पनि मानवीय मनभित्र हुन्छन् ।''(फ्रायड, १९६०:१८) । मनोवैज्ञानिक चरित्रका पनि दुईवटा हाँगा छन्, भावनात्मक र वैचारिक । भावनात्मक पक्षले व्यक्तिका शाश्वत बानीव्यहोरामा जबर्जस्त प्रभाव पार्दछ भने वैचारिक पक्षले उसका क्रियाकलापहरूलाई सचेत अथवा अर्धचेत रूपमा नियन्त्रण गरेर कुनै निर्दिष्ट लक्ष्यप्राप्तिका लागि प्रेरित गरिरहेको हुन्छ र भावनात्मकताले व्यक्तिलाई उत्तेजित तुल्याउँछ, परिचालित गर्छ भने वैचीरकताले उसलाई निर्देशित र नियन्त्रित गर्दछ ।

उपन्यासकारको सहानुभूति उपन्यासकी नारीपात्र सुम्निमाप्रति बढी देखिन्छ । तथापि केही सहानुभूति सोमदत्तका प्रति पनि छ । सोमदत्त आफ्नो जीवनको शुष्कता र नीरसताबाट ज्यादै पीडित हुँदा उनीप्रति कठै बिचरा भावनाको दयापूर्ण सहानुभूति उब्जन्छ भने सुम्निमाप्रति उसका सम्पूर्ण सोचाइ, मान्यता , सरलता र नैराश्यका लागि सहानुभूति प्रकट गर्न सकिन्छ । सोमदत्त आत्मा र शरीर दुवै पक्षबाट पराजित हुन पुग्छ तर पनि ऊ सजिलैसँग हार स्वीकार गर्न चाहदैन । जीवनको अन्तिम प्रहरमा मात्र निश्चय नै निरर्थकता बोध गर्दछ तर जीवनभर आफूभित्रैको संघर्षको नराम्रोसँग सिकार बनेको छ । मानवीय स्वप्रकृति र आदर्शको बीचको युद्ध ऊभित्र देखिन्छ । यथार्थ जीवन र उसको कल्पनाको आदर्श कहिल्यै सादृश्य हुन सक्दैन । कल्पनाको आदर्श प्राप्तिको लागि ऊ सधैँ आफ्नो शरीरलाई कष्ट दिन्छ तर न कहिल्यै मानसिक शान्ति पाउन सक्छ न शारीरिक सुख नै प्राप्त गर्दछ । यसरी हारेकाको दु:खप्रति गरिने सहानुभूति सोमदत्तले प्राप्त गर्न सक्छ तर उसको जीवनपर्यन्तको शुष्क नीतिनियम र कर्तव्यका प्रति भने खास सहानुभूति दिन सकिँदैन (ढकाल, २०५६:४८)। सुम्निमा शरीरपक्ष र मानवीय स्वभाव तथा प्रकृतिकै पक्षपाती छे । त्यसैले शारीरिक रूपमा त उसले कुनै कष्ट भोग्नुपरेको छैन तर आत्मिक तहबाट ऊ पनि असन्तुष्ट नै छे । शारीरिक पक्षबाट सहज जीवनयापन गरे पनि ऊभित्रका भावना, तरलता, भोग र विखण्डनहरूले ऊप्रति

करुणार्द्र हुने स्थिति पैदा गर्दछ । भौतिक दृष्टिबाट विजयी भएर पनि सुम्निमा विजयको एकतर्फी शंखनाद गर्दिन । ममता र सहनशीलताकी शीतल मूर्तिका रूपमा ऊ देखिन्छे । सोमदत्तले पाउनेखालको सहानुभूति पुलोमालाई पनि दिन सकिन्छ । पुलोमा सोमदत्तभन्दा बढी पीडित छे । प्रेमको खाँचो लोग्नेमान्छेलाई भन्दा स्वास्नीमान्छेलाई बढी हुन्छ । त्यसमा पनि सोमदत्तले अन्तमा सुम्निमाको प्रेम प्रत्यक्षतः जस्तै प्राप्त गर्छ - विशेषतः मनुवादहको स्नानका क्रममा तर पुलोमाका लागि भने भिल्ल युवकको साहचर्य स्मृतिभ्रम मात्रै हो । त्यसैले शारीरिकका साथै आत्मिक प्रेमको अभावमा ऊ सधैँ छट्पटाउँछे । आफू र आफ्नो लोग्नेले भोगेको कष्टको निस्सारताप्रति उसको दृष्टि फर्कन्छ । अन्त्यमा ऊ पनि प्रेमको अजेय स्वभावप्रति हृदयदेखि नै सहमति जनाउँछे ।
सुम्निमा अस्थिर चरित्रकी पात्र हो तर उसको अस्थिरता सोमदत्त र पुलोमाको जस्तो आकाश पाताल नै फरक पर्ने भने छैन । सुरुमा ऊ शरीरपक्षकी समर्थक थिई भने अन्त्यमा आएर शरीरपक्ष र अध्यात्मपक्ष दुवैको समन्वयमा मानवजीवनको सार्थकता देख्दछे तर सोमदत्त र पुलोमा भने आफ्नो शुष्क आध्यात्मिक नीतिनियमको पूरै निस्सारता अनुभव गर्दछन् र भित्रैदेखि शरीरपक्षको अजेयतालाई स्वीकार गर्दछन् । सोमदत्त र पुलोमा अत्यन्त गतिशील पात्र हुन् । जीवनको सुरुदेखि अन्त्यसम्म नै उनीहरूका विचार र बाह्य क्रियाकलापहरू एकनास छैनन् । जीवनभरि खेपेको कठोर व्रत, नियम, बन्धनको औचित्य जीवनका अन्तिम दिनहरूमा उनीहरू स्वीकार गर्दछन् । साथै यी तमाम नियमबन्धनहरूको कार्यरूपको सम्पन्नता पनि बिस्तारै उनीहरूको जीवनबाट हट्दै जान्छ । प्रेम र प्रेमजनित सम्भोग, साहचर्य, सहवास र अन्तरसम्प्रेषण यति पूर्ण, पवित्र र मर्यादित छ कि यसको मर्यादा रक्षाका लागि ढोँगी, आडम्बरी मानवनिर्मित मर्यादाको कुनै पनि आवश्यकता छैन भन्ने स्वीकारोक्ति अन्त्यमा उपन्यासका पात्रहरूले गरेका छन् ।

उपन्यासमा मनोविश्लेषणभन्दा बढी आध्यात्मिक र भौतिक दर्शनका द्वन्द्व पैदा गर्ने प्रयोग गरिएका बेजोड तर्कहरू छन्, जसलाई आआफ्ना पक्षका पात्रहरू अधिकतर संवादका रूपमा प्रयोग गर्छन् भने बेलाबखतमा प्रत्यक्ष विश्लेषण (मनोविश्लेषणात्मक) शैलीद्वारा पनि प्रकट गरिन्छन् । उपन्यासमा दृष्टिबिन्दु चरित्रहरू सुम्निमा र सोमदत्त हुन् । अझ सुम्निमाभन्दा पनि बढी सोमदत्त हो । यी दुवै पात्रहरू आन्तरिक तृतीयपुरुष दृष्टिविन्दु चरित्रका रूपमा प्रस्तुत गरिएका छन् । सोमदत्त, पुलोमा र उनीहरूका बाबु, आमा र अरु पात्रहरू साधारण छन् । उनीहरूका भाषा, तर्क र शास्त्रार्थ उनीहरूको समसामयिक परिस्थिति, वातावरण र क्षमता हेरेर सामान्य देखिन्छन् तर ग्रामीण अबोध किराँत केटी सुम्निमा सरल भाषामै भए पनि अकाट्य तर्कहरू प्रस्तुत गरेर सोमदत्तलाई विचलित बनाइदिन्छे । भौतिकताको र शरीरधमएको औचित्यबारे सक्षम रहन सक्ने पात्रचयनमा कोइरालाले सुम्निमालाई छाने पनि उसको उमेर र परिवारको वातावरणमा उसले प्रकट गर्ने विचारको स्तर मेल खाँदैन । बालिका सुम्निमाभित्र परिपक्व दार्शनिक कोइरालाको तार्किकता सरल शब्दमा पनि केही अस्वाभाविक र असजिलो अनुभव हुन्छ ।

उपन्यासमा मानसिक उद्वेलनले सताइएकी पात्र पुलोमा देखिन्छे । धर्म, परम्परा, आचार र मर्यादाप्रति अत्यन्त निष्ठावान् रहँदा आफ्नो शरीरको प्रेम आग्रहको अवज्ञाका कारण पैदा हुने पुगेको अनाग्रह, शुष्कता र कठोरता उसको रुग्ण मनोविकारका प्रमाण हुन् । यौन अतृप्तिको कारण उसमा आफ्नो पतिप्रति वितृष्णा र प्रतिशोध जन्मेको छ । यसैबाट पीडित भएर ऊ आफ्नो जीवनको देहलीला समाप्त गर्छे । सुम्निमामा भने यस्ता मानसिक जटिलताहरू छैनन् । सोमदत्तप्रति अनासक्त हुँदा सुम्निमामा पैदा भएका

यौन आवेगहरूको प्रदर्शन पुलोमामा यदाकदा देखापरेको रतिरागात्मक प्रवृत्ति आदिको वर्णनहेतु ठाउँठाउँमा उपन्यासकारले मनोविश्लेषणको सहारा लिएका छन् । सुम्निमा आफ्ना इच्छा आकांक्षाहरू लुकाउन्न, प्रस्ट भन्दछे र सक्ने जति तिनीहरूको समाधान पनि खोज्छे । अतः दुःखी नै भए पनि विघटित छैन । जीवलाई भनेजस्तो रूपमा नपाए पनि यसलाई सम्झौताको बाटोमा हिँडाउन ऊ सफल छे । उपन्यासमा सुम्निमा आम स्वास्नीमान्छेकी प्रतिनिधि होइन, एउटा विशिष्ट वैचारिकताको आग्रह राख्ने आफ्नो युगका विशिष्ट नारीहरूकी प्रतिनिधि प्रतीत हुन्छे । सुम्निमाको अस्थिरता जीवनमा शरीरपक्षको साथसाथै आत्मिक पक्षको पनि सम्मिलन हुनुपर्छ भन्ने कुरामा देखिन्छ, तर यी नारीपात्रहरूको वैचारिक अस्थिरताले गर्दा उनीहरू कमजोर भएका छैनन्, बरु वैचारिक मन्थनद्वारा निकालिएको स्पष्ट धारणालाई अगाडि राखेर चरित्रलाई दृढतर बनाउन उनीहरू हरसम्भव प्रयत्न गर्दछन् ।

## ७. निष्कर्ष

मानवजीवनलाई पूर्णता दिन मन र शरीरको सफल संयोजन हुनुपर्ने तबमात्र जीवन सुखदायी, फलदायी र लक्ष्यपूर्ण हुने कुरालाई सुम्निमा उपन्यासले सिद्ध गरेको छ । मूलतः मन र देहको संयुक्त व्याख्या गरिने मनोवादी दर्शन, भौतिक तहका काममूलक इच्छा एवम् पिपासाहरूको परिपूर्तिमा विश्वास राखिने प्रकृतिवादी दर्शन र मन एवम् शरीर दुवैको आस्तित्विक सम्बन्धमाथि विचार गरिने अस्तित्ववादी दर्शनको प्रयोगभूमिको रूपमा उपन्यास देखिएको छ भने उपन्यासले विशेषतः मनोविज्ञानको विश्लेषण गरेको छ । ती प्रस्तुतिहरू विविधरूपमा प्रतीकमय, सांकेतिक र सहजप्रकृत मानवीय दृष्टिचेतले भरिएका विचार भएकाले मानवता अबाध रूपमा अगाडि बढ्दै मानवकल्याण गर्न सक्ने अभिमत प्रस्तुत छन् । तसर्थ मानव भएर मानवधर्मविपरीत आचरण गर्नुहुँदैन, मानवधर्म भनेको सहजप्रकृत शरीरधर्म हो र त्यसलाई स्वस्थ राख्ने काम मनले गर्दछ भन्ने यथार्थता उपन्यासमा अभिव्यक्त छ ।

## सन्दर्भसामग्री


विश्वेश्वरप्रसाद कोइराला, सुम्निमा, ललितपुर : साझा प्रकाशन, २०६६ ।

राजेन्द्र सुवेदी, नेपाली उपन्यास परम्परा र प्रवृत्ति, वाराणसी : भूमिका प्रकाशन, २०५३ ।

इन्द्रबहादुर राई, नेपाली उपन्यासका आधारहरू, दार्जिलिङ : नेपाली साहित्य प्रकाशन, सन् १९७४ ।

भूपति ढकाल, विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा विचारपक्ष, पोखरा : जय नेपाल प्रकाशन, २०५६ ।

सिग्मन्ड फ्रायड, मनोविश्लेषण, हिन्दी अनुवाद देवेन्द्रकुमार वेदालंकार, दिल्ली : राजपाल एण्ड सन्स, सन् १९६० ।

# बालकृष्ण समको बुहार्तन एकाङ्की : विधागत स्वरूप

❑ भाद्रकला न्यौपाने


## लेखसार

'बुहार्तन' एकाङ्की भावनाटकको संज्ञा दिइएको सामाजिक एकाङ्कीको रूपमा रहेको छ । यो एकाङ्की ग्रामीण परिवेशलाई विषय बनाई लेखिएको छ । नेपाली समाजमा रहेको पारिवारिक समस्यामा आधारित भई देखापरेको यो एकाङ्की विवशता र बाध्यताको दृष्टान्त हो । यो सासूले बुहारीप्रति गर्ने कुटिल मनोवृत्तिको पर्दाफास हो । यो एकाङ्की समस्यामूलक एकाङ्कीको रूपमा देखिए पनि एकाङ्कीको अन्त्यमा समस्या टुङ्गिएको छ । यो गृहस्थी जीवनमा कसरी सुधार ल्याउन सकिन्छ भन्ने जनचेतनामूलक सन्देशवाहक प्रहसनका रूपमा देखिएको छ । अत्यन्त साधारण विषयमा गहन सन्देशमूलक जानकारी यस एकाङ्कीले दिएको छ । अनेक कष्टादि र यातना दिई सासूले बुहारी कज्याउने पारिवारिक कूटनीतिलाई सामाजिक रोग ठान्दै त्यसबाट छुट्कारा पाएको समाजको निर्माण गरी सुखी समाज स्थापना गर्न प्रेरित गर्नु यसको मूल सन्देश रहेको छ ।


**प्रमुख शब्दावली :** बुहार्तन, भावनाटक, प्रहसनात्मक, मञ्चीय, त्रयान्विति, आहार्य, सात्विक ।

## १. विषयप्रवेश

'बुहार्तन' एकाङ्की (२०२०) का रचनाकार नाटककार बालकृष्ण सम (जीवन अवधि वि.सं. १९५९–२०३८) हुन् । उनले समले नेपाली साहित्यमा नाटक, एकाङ्की कविता, कथा, निबन्ध प्रबन्ध, जीवनी आदि विधाका कृति रचना गरेका छन् । आठ वर्षको उमेरमा 'इस्सोर' (वि.सं.१९६७) कविता लेखेर उनले साहित्य यात्रा प्रारम्भ गरेका हुन् । उनको साहित्य लेखनयात्राको आरम्भ कविता लेखनबाट भए पनि नाटक लेखनमा सफलता प्राप्त गरेका छन् । उनको पहिलो लिखित नाटक 'मिलीनद' (वि.सं.१९७७) हो भने पहिलो प्रकाशित नाटक मुटुको व्यथा (वि.सं.१९८६) हो । यही मुटुको व्यथाको प्रकाशनबाट नेपाली नाटक साहित्यमा आधुनिक कालको सुरुवात भएको हो, यसर्थ सम नेपाली आधुनिक नाटकका प्रर्वतक समेत हुन् । समले सामाजिक, ऐतिहासिक र पौराणिक विषयमा सुखान्त र दुःखान्त ढाँचाका पूर्णाङ्की र एकाङ्की गरी प्रशस्त नाटक लेखेका छन् ।

समले वि.सं. १९९० देखि २०२७ सम्ममा २७ वटा एकाङ्की लेखेका छन् । 'प्रेम' नामक एकाङ्कीको लेखनबाट उनको एकाङ्की लेखन आरम्भ भएको हो । यसको लेखन वि.सं १९९०, मञ्चन १९९३ र प्रकाशन वि.सं. २०५६ मा भएको हो । यसरी नै उनका 'बोक्सी' (१९९९), 'भतेर' (२०१०), 'तपोभूमि' (२०१४) आदि एकाङ्की र चार एकाङ्की (२०२०) सङ्ग्रहमा सङ्कलित 'विद्याधनम् सर्वधनप्रधानम्', 'नालापानीमा',

‘रणदुल्लभ’ र ‘बुहार्तन’ एकाङ्की छन् । यी चारवटा एकाङ्कीलाई उनले फरक फरक शैलीमा प्रस्तुत गरेका छन् । प्रस्तुत लेखमा ‘बुहार्तन’ एकाङ्कीको विधातात्त्विक दृष्टिले अध्ययन गरिएको छ ।

## २. बुहार्तन एकाङ्कीको अध्ययन

### २.१ कथावस्तु

‘बुहार्तन’ एकाङ्कीले नेपाली ग्रामीण समाजका परिवारमा सासूले बुहारीप्रति गर्ने रुखो व्यवहारलाई प्रस्तुत गरेको छ । यसमा गाउँले परिवेशमा सासूद्वारा बुहारीमाथि गरिने कठोर व्यवहारलाई विषय बनाई सामाजिक समस्याको रूपमा प्रस्तुत गरिएको छ । सामान्य अर्थमा ‘बुहार्तन’ले घरमा बुहारीले पाउने पीडा भन्ने बुझाएको छ । यो एकाङ्की सामाजिक समस्यामूलक भए पनि एकाङ्कीको अन्त्यमा समस्याको समाधान गराइएको छ ।

पर्दा खुल्दा रङ्मञ्चमा गाउँघरको दृश्य देखिन्छ । घरभित्र आधा गारो लगाएर बारेको, आगो बलिरहेको चुलो र एकातिर सुत्ने ओछ्यान लगाएको छ । बुहारीले चुलोमा मकै भुटिरहेको अवस्थाबाट कथानक सुरु भएको छ । ग्रामीण शैलीको पोसाक लगाएकी बुहारीले मकै भुटिरहेकै अवस्थामा छोराको प्रवेश हुन्छ ।

छोरो बिस्तारै आमाको खोजीनिती गर्छ भने बुहारी देब्रेतिरको ढोका देखाउँदै त्यता गएको सङ्केत गर्दछे । देब्रे ढोकातिर लम्केर चिहाउँदै आमा घाममा आरामले सुतिरहेको देखेर स्वास्नीका छेउमा आई कपालको चुल्ठो खेलाउन थाल्दछ । स्वास्नीले अलि जिस्किएर झर्किएझैँ गरी छोड्न भन्छे र फेरि आमाले खेलेको देखे मिति पुऱ्याइदिने कुरा गर्छे । छोरो पत्नीको चुल्ठोलाई घोडाको याल र घाँटीको मालालाई लगाम भन्छ । स्वास्नी चाहिँ जिस्किने रहर भए पनि सासूको हप्काइको पीडा खप्न नसक्ने र दुई चार दिनदेखि कराउन कम भएको कुराले केही आनन्द महसुस गरेको अनुभव बताउँछे । माला छिने आमाले गाली गर्ने जनाउँदै स्वास्नीले सचेत गराउँछे । स्वास्नीको रातो गालाको प्रशंसा गर्दै गीत गाउन थाल्दछ । लोग्ने नाटकीय ढङ्गबाट स्वास्नीप्रतिको प्रेम व्यक्त गर्दछ । ऊ भन्छ - “आज मेरी प्राणपियारीलाई म हाम्रो पारस्परिक प्रेमबाट उत्पन्न भएको विवादग्रस्त विवरण सुनाइदिन्छु ।” (सम, २०२० : ४९) यत्तिकैमा माला छिन्दछ, स्वास्नी आफैं टिप्नुस् भन्दै झर्किन्छे । चिसो दाउरा नबलेको गुनासो गर्दै आगो फुक्न थालेकी स्वास्नीको अनुहार र चिउँडोमा परेको आगोको उज्यालो र चम्किएको अनुहार हेर्दै ऊ सौन्दर्यको बयान गर्दछ । आफ्नी स्वास्नीसँग जिस्किँदै आमाको ओछ्यानमा ढल्केर स्वास्नीलाई हेरिरहन्छ । स्वास्नी कपाल डढ्ला भन्दै सुम्सुम्याउँछे । स्वास्नीको प्रशंसामा मग्न रहेको छोरो आमाको प्रवेशको सङ्केत पाएर बिजुलीझैँ बाहिर दगुर्छ ।

निभेको मकल बुहारीसामु राख्दै अलि कुप्री परेकी निलो रङ्गको फरिया लगाएर घुम्लुङ्ग ठूलो दोलाइँ ओडेकी, नालुको जुत्ता लगाएकी बुढी आमा छरिएको मुगाको माला देखाउँदै कराउन थाल्छे । बुहारीले मुगाको माला चुँडिएको बताउनासाथ शङ्का गर्दै माला चुँडिएकोमा बुहारीको चाला निको नभएको जनाउँछे र छोराको खोजीनिती गर्छे । बुहारीले छोरा आएको आफूलाई थाहा नभएको कुरा गर्दा सासूले विभिन्न बहानामा गाली गर्दै आफूले अघि भर्खर हाँसेको सुनेको भन्दै बुहारीलाई उत्ताउली, लबस्तरी भनेर काम नगरी नक्कल पारेर बसेको आरोप लगाउँछे । ऊ नुन नछोपेर कैलो भएको, घिउ सकेको, लुगा नधोएको

भन्दै रिसाउँछे भने बुहारीले केही उत्तर दिनेबित्तिकै मुख लगाएको भनी गाली गर्छे ।

सासू आफूले शरीरकै लुगामा सिउरिराखेको साँचो नदेखेर बुहारीलाई चोर दोष लगाउँदै नानाथरी दुर्वचनले गाली गर्छे । साँचो नभेटिए बुहारीको माइतीमा गएर पनि खोज्न लगाउने जनाउँछे । पछि साँचो आफ्नै चोलाको तुनामा झुन्डिएको भेटिएपछि बुहारीलाई पहिल्यै नदेखाइदिको भनी गाली गर्छे। अति असह्य भएपछि बुहारी रुन थाल्छे भने सासूले सानो कुरा पनि बोल्न नहुने भन्दै कराएर अरूलाई सुनाउन रोएको जनाउँछे । बाहिर खेल्दै गरेका केटाकेटीहरूले जिस्काएपछि उनीहरूलाई गाली गर्दै बुढी बाहिर निस्कन्छे । यसपछि छोरो भित्र पसेर पत्नीलाई मनाउँदै गर्दा छिमेकी रामेकी आमा आइपुग्छे । छोराको अनुरोधमा रामेकी आमा सधैंको कचकच सहनभन्दा आमालाई तह लगाउने उपाय निकाल्छे। त्यसअनुसार बुहारी केही बेरका लागि बारीतिर गएर लुक्छे भने छोरो पनि केही थाहा नपाएको जस्तो गरी बाहिरै बस्छ । रामेकी आमाले सासूलाई बुहारी गाली सहन नसकेर माइत गइसकेको कुरा सुनाउँछे। बुहारीले आफ्नो गाली सहन नसकेर माइत गएको भन्ने ठानेर आमा आतिन्छे। छोरालाई बुहारी लिन जान भन्छे भने छोरोचाहिँ उसलाई लिन जानुको सट्टा अर्को बिहे गर्ने कुरा गर्छ । आमाले बुहारीलाई महालक्ष्मीजस्ती मान्दै उसलाई तुरुन्त ल्याउन छोरालाई अह्राउँछे अन्यथा आफूले पनि नखाने र छोरालाई पनि खान नदिने कुरा गर्छे । त्यसैबेला बुहारी आफै आएर कसलाई खोज्ने कुरा भइरहेको हो भन्ने जिज्ञासा राख्छे । ऊ आफू कतै गएको नभई आमाकै इच्छाअनुसार गोलभेडा र मटरकोसा लिन गएको जनाउँछे। यसरी रामेकी आमाको योजनाअनुसार सबै काम भएकाले आमामा परिवर्तन आउँछ र उसले बुहारीलाई अब गाली नगर्ने जनाउँछे। सबै मिलेर खाजा खाने कुरा गर्छन् । एकाङ्की टुङ्गिन्छ ।

यसरी यस एकाङ्कीले सासूले बुहारीलाई गर्ने कठोर व्यवहार र उसमा आएको परिवर्तनलाई देखाएर समस्याको समाधान प्रस्तुत गरेको छ । एकाङ्की पारिवारिक प्रहसनात्मक किसिमको रहेको छ ।

## २.२ पात्र

'बुहार्तन' एकाङ्की थोरै पात्रको प्रयोग भएको एकाङ्की हो । यसमा मूलतः जम्मा चारजना पात्रहरू छन् : आमा, छोरो, बुहारी र रामेकी आमा । यीमध्ये एकाङ्कीको उद्देश्यअनुरूप हेर्दा आमा र बुहारीको भूमिका बढी महत्वपूर्ण देखिन्छ। यी चार पात्रबाहेक अन्य केटाकेटीहरू भनिएका पात्रहरू एकदुई संवादमा आए पनि खास उल्लेख्य रूपमा देखिएका छैनन् ।

### आमा

आमा 'बुहार्तन' एकाङ्कीकी प्रमुखपात्र हो । उसको भूमिका एकाङ्कीको सुरुदेखि अन्त्यसम्म सक्रिय रहेको छ । उसको भूमिकाले नै बुहार्तनको मुख्य उद्देश्यलाई प्रस्तुत गरेको छ । बुहारीप्रति सासूले गर्ने कठोर व्यवहारलाई आमाको चरित्रले स्पष्ट रूपमा देखाएको छ । आफ्नै छोराले बुहारीलाई माया गरेको आमाले मन पराउँदिन । आफ्नो पक्षमा लागेर बुहारीलाई गाली नगरेको भनेर नै छोरालाई ऊ जोइटिङ्ग्रे भन्न पछि हट्दिन । छोराले आफूले भनेको मात्र मानोस्, बुहारीलाई टाढा राखोस् भन्ने चाहना राख्ने ऊ असत् चरित्रकी पात्र हो ।

'बुहार्तन' एकाङ्कीको मुख्य उद्देश्य झल्काउने भूमिका निर्वाह गरेकी आमाको चरित्रले नै 'बुहार्तन'

शब्दको आशय बुझाएको छ । बुहारीलाई ससानो कुरामा टोकसिरहने, कुटिल व्यवहार देखाउने, छुच्ची सासूका रूपमा आमा पात्र देखापरेकी छ । उसले समाजका साधारण सासूको प्रतिनिधित्व गर्न सकेकी छैन । दुष्ट सासूका रूपमा रहेकी ऊ व्यक्तिगत चरित्र बोकेकी महिला हो । सामाजिक समस्याको रूपमा रहेका समाजको पारिवारिक कुरीति नै उसको माध्यमबाट आएको छ । खराब पात्र बनेर असल बुहारीप्रति दुर्व्यवहार गरे पनि छिमेकी महिला रामेकी आमाको चलाखीपूर्ण भूमिकाले ऊ सत्विचारमा फर्किएकी छ । ऊ सुरुमा असत् चरित्रकी भए पनि एकाङ्कीको अन्त्यमा उसको सोचमा परिवर्तन आएकाले गतिशील चरित्रकी देखिएकी छ । उसले आफूले बुहारीप्रति अनुचित व्यवहार गरेकामा छोरासँग "हैन बाबु, अर्घेलो त मेरै हो" (सम, २०२० : ५९) भनेर पश्चात्ताप गर्दै भुल स्वीकार गरेकी छ । एकाङ्कीको अन्त्यतिर उसको बुहारीप्रति गर्ने व्यवहार र मानसिकतामा परिवर्तन भएकाले ऊ असल बनेकी देखिन्छे । उसको चरित्र असल बनेकै कारण एकाङ्की सुखान्त बनेको छ । गतिशील चरित्रकी आमा मञ्चीय र बद्ध पात्र हो ।

**बुहारी**

बुहारी पनि 'बुहार्तन' एकाङ्कीमा प्रमुख पात्रकै रूपमा उपस्थित भएकी छ । एकाङ्कीमा दुष्ट सासूको भूमिकालाई स्पष्ट पार्न पनि बुहारीको भूमिका उल्लेख्य देखाइएको छ । बुहारी सहनशील, धीर, असल चरित्र भएकी नारी हो । सासूले जति गाली गरे पनि र कुट्न तम्से पनि चुपचाप सहेर बस्ने उसको स्वभाव सहनशील किसिमको रहेको छ ।

पतिसँग हासपरिहास मन पराउने भए पनि सासूका अगाडि प्रेम प्रकट गर्न नसक्ने बाध्यतामा ऊ रहेकी छ । सुरुसुरु आफ्नो काम र घरधन्दा गरिरहने भए पनि सासूको 'बुहार्तन' खपेर बस्न बाध्य ऊ पीडित बुहारीका रूपमा एकाङ्कीमा उपस्थित छे । एकाङ्कीको आरम्भमा ज्यादै पीडित भए पनि पछि छिमेकी महिला रामेकी आमाको योजनाअनुरूपको कार्य गरेर ऊ सासूलाई यथार्थ बुझाउन सफल भएकी छ । बुहारी माइत गएको भन्ने सुनेपछि आमाले आफ्नो खोजी गर्न थालेपछि र माइतमा लिन छिटै जान छोरालाई अह्राउँदै गर्दा आएकी बुहारीले "आफैले बिहान गोलभेडा र केराउ कोसा खन मन लाग्यो भन्नुभएको होइन ? त्यही किनीकन लिएर आएकी सरासर म त" (सम, २०२० : ६०) भन्दै आफ्नो आमाप्रतिको सदशयता प्रकट गर्छे । आरम्भदेखि अन्त्यसम्मै असल भूमिकामा रहेकी बुहारी सत्पात्र हो । सासूको 'बुहार्तन' उसले चुपचाप सहन गर्नु र बुद्धिमत्ता ढङ्गबाट सासूको मानसिकता परिवर्तन गराउनु नै यस एकाङ्कीको मुख्य भाव पनि हो । स्थिर चरित्र भएकी बुहारी मञ्चीय र बद्ध पात्र हो ।

**छोरो**

छोरो 'बुहार्तन' एकाङ्कीको सहायक भूमिकामा उपस्थित भएको छ । ऊ आमाको उपस्थितिमा आफ्नी पत्नीलाई माया गर्न पनि सक्दैन । आमाको विचारमा ऊ जोइटिङ्ग्रे भएको छ तर पत्नीलाई माया गर्न नसकेकाले ऊ हुतीहाराजस्तो देखिन्छ । पत्नीलाई असाध्यै माया गरे पनि र ऊसँग जिस्किन, खेल्न तथा माया पोख्न खोजे पनि आमाको उपस्थितिमा ऊ असाध्यै डराउँछ । ऊ आमाले आफ्नी पत्नीलाई गाली गरिरहँदा केही बोल्न सक्दैन । सासू बुहारीको सम्बन्ध मिलाइदिन छिमेकी महिलााई अनुरोध गर्छ । यस कार्यबाट उसको चरित्र सशक्त देखिँदैन । ऊ लोतिखरे पुत्र र पतिका रूपमा उपस्थित छ ।

आमाको अगाडि आदर्श पुत्र बनेर आमाले 'उठ् भने उठ् र बस् भने बस्' बन्नुपर्ने स्थितिमा उसले पत्नीलाई माया गरेको समेत देखाउन सक्दैन । एकाङ्कीको अन्त्यतिर बुहारी माइत गएको भन्ने थाहा पाएर आमाले छोरालाई लिन पठाउन लाग्दा "जााओस् त्यो गए अर्की ल्याइदिउँला" (सम, २०२० : ५९) भन्ने उसको खासै चारित्रिक सक्रियता नभए पनि आमाको खराब प्रवृत्तिको पक्षमा नलागेर आफ्नी पत्नीको पक्षमा लागेकाले भूमिका सत् रहेको देखिन्छ । ऊ मञ्चीय र स्थिर पात्र हो ।

**रामेकी आमा**

'बुहार्तन' एकाङ्कीकी सहयोगी पात्रका रूपमा उपस्थित रामेकी आमा छिमेकी महिला हो । ऊ बुद्धिमत्ता छे । एकाङ्कीको अन्त्यतिर उपस्थित भए पनि उसकै भूमिकाले सासूको चरित्र र व्यवहार सुध्रेको छ र एकाङ्कीको समस्या समाधन भएको छ । एकाङ्की सामाजिक समस्यामूलक रहे पनि त्यसको समाधानका लागि रामेकी आमाको भूमिका उल्लेख्य रहेको छ यसर्थ ऊ एकाङ्कीलाई उद्देश्योन्मुख तुल्याउने पात्र हो । ग्रामीण महिला भएर पनि रामेकी आमा असल चरित्र भएकी, समाजका खराब सासूहरूले गर्ने पारिवारिक व्यवहारमा सुधारको उपाय निकाल्न सफल बनेकी छ । उसले छोरा बुहारीलाई साथ दिएर कूटनीतिक रूपमा परिवारमा मेल गराएकी छ । "कसैको बढ्ता माया पाउनु छ भने उसको भन्दा उसलाई माया लाग्ने कुराको माया गरिदिनु अनि हुन्छ" (सम, २०२० : ५९) भन्ने रामेकी आमा सासूलाई सद्बुद्धि प्रदान गर्न सक्ने सक्षम चरित्रका रूपमा आएकी छ । उसको बौद्धिक कुशलताले एकाङ्कीमा गति सञ्चार गरेको छ र पारिवारिक सुखमा एकाङ्की समाप्त भएको छ । ऊ मञ्चीय र बद्ध पात्र हो ।

यसबाहेक छिमेकका केटाकेटीहरू पनि एकाङ्कीमा उपस्थित छन् । अत्यन्त गौण भूमिकामा रहेका उनीहरूले सासू बुढीलाई जिस्क्याउने क्रममा एकाङ्कीमा आएका देखिन्छन् । ती पात्रहरू खास उल्लेख्य भूमिकामा छैनन् ।

## २.३ संवाद

एकाङ्कीकारले जीवनप्रतिको दृष्टिकोण र विभिन्न टीका टिप्पणी वा विचारको अभिव्यक्ति पात्रको संवादकै गराएका हुन्छन् । 'बुहार्तन' एकाङ्कीमा पनि संवादको प्रयोग सोही प्रयोजनका लागि भएको छ । यसमा मुख्यतः चारजना पात्रका बीचमा संवाद गराइएको छ । ती पात्रहरूले जम्मा १३७ ओटा संवादमा आफ्ना अभिव्यक्ति प्रस्तुत गरेका छन् । यसको संवाद योजना सरल ग्रामीण बोलीचालीअनुरूप रहेको देखिन्छ । ग्रामीण सामाजिक परिवेशमा प्रयोग गरिने बोलीचालीको भाषालाई संवादको रूपमा प्रस्तुत गरिएको छ । यहाँ प्रयुक्त विभिन्न पात्रहरूका बीचमा एकआपसमा संवाद गराइएको छ । एकदुई शब्दका छोटा संवाददेखि चौध हरफसम्मका लामा संवादको प्रयोग पनि यसमा भएको छ ।

छोटा संवाद :

रा. आमा - हँ ?
छोरा - साँच्ची भनेको, लौन ।
रा. आमा - हैत ।

छोरा - लौ ।

रा. आमा - मैले भनेको मान्छ त ?

छोरा - किन नमान्नु ! (सम, २०२० : ५७)

लामो संवाद :

आमा - खै तेरो खप्पर - (ओढ्ने हटाई खोतल्दा पाएर)
इः क्या त ठाँडो त यहाँ पो झुन्डिरहेको रहेछ,
.......................................................
उसै त छोरो मुख देखाउन सक्तैन अझ बुहरीको सुँक्कसुँक्क सुनेर
बाबा – (सम, २०२० : ५४)

ग्रामीण बोलीचालीयुक्त संवाद :

आमा - मलाई यही भुतभुताएको मन पर्दैन, दिन्छु गालामा चड्कन र भुत्लयाउँछु अनि देख्छे च्याप्ज्यूको बिहे ! (खुट्टा नचाली जीउले मात्र झम्टेर) बड मुख चलाउँदी रहछि ए बजिनी, काम नगरेर – ............................................

रा. आमा - छ्यामा, ए छ्यामा, कता हो ?

आमा - (नेपथ्यबाट) किन किन ? राम्यामा हो ?

रा. आमा - झट्टै यता आउनोस् त छ्यामा !

आमा - किन ? त्यतैबाट भने हुन्न ?

रा. आमा - हुने भए त भनिहाल्थेँ नि, चाँडै आउनोस्न भन्या । क्या हो यो,
के भन्लान् जोडीले ? छिः छुट्टिसारो त गर्नु हुँदैन त ?

यस्ता लामा छोटा संवादको प्रयोगले एकाङ्की आकर्षक बनेको छ भने् यसमा ग्रामीण बोलीचालीयुक्त लवजले अझ मिठास थपेको छ । समग्रमा यस एकाङ्कीको संवादयोजना सशक्त रहेको छ ।

## २.४ परिवेश

एकाङ्कीमा स्थान, काल र कार्यगत वातावरणको समुच्चय रूप नै परिवेश हो । 'बुहार्तन' एकाङ्कीमा स्थानका रूपमा कान्तिपुरबाहिरको कुनै गाउँको एक घरभित्रको दृश्य रहेको छ । त्यही एक स्थानमै घटित घटना यसमा प्रस्तुत भएको छ । ती घटना दिउसोको समयमा एकाध घण्टामै घटित भएको बुझिनाले कालगत परिवेश पनि सशक्त रहेको देखिन्छ । यही स्थान र कालगत परिवेशले पात्रहरू पनि जीवन्त, विश्वसनीय र प्रभावकारी बनेका छन् । एक निम्नमध्यम वर्गीय परिवारको रहनसहन, खानपिन, लवाइ, बोलीचाली कस्तो छ भन्ने कुरा यही परिवेशले स्पष्ट पारेको छ ।

यहाँको बाह्य परिवेश सासू पात्रको सोचअनुसार परिवारमा बुहारीले 'बुहार्तन' बेहोर्नुपर्छ भन्ने ठानी बुहारीलाई हेपचेप गर्नु हो । छोराका लागि बुहारी ल्याइदिए पनि छोराले बुहारीलाई माया गर्नुहुन्न र आमाको कुरा मात्र मान्नुपर्छ भन्ने मान्यता राख्ने आामा तथा आमासँग केही बोल्न नसक्ने, पत्नीको माया लागे पनि खुला रूपमा माया गरेको देखाउन नसक्ने छोरा रहेको पृष्ठभूमिमा त्यसै छोराको आग्रहअनुसार छिमेकी पात्र रामेकी आमाको बुद्धिमत्तापूर्ण व्यवहारले त्यो समस्यको समाधान भएर एकाङ्की टुङ्गिएको छ ।

यसरी समय, काल र कार्यगत परिवेशको समन्वयमा त्रयान्वितिको पालना गरिएको छ । यस एकाङ्कीमा परिवेश सशक्त देखिन्छ ।

## २.५ भाषाशैली

ग्रामीण सामाजिक परिवेशलाई प्रस्तुत गरिएको यस 'बुहार्तन' एकाङ्कीको भाषा पनि सोही अनुरूपको सरल किसिमको रहेको छ । यसको भाषा कलात्मक छ । सानो र छोटो परिवेशमा थोरै पात्रको प्रयोगद्वारा एकाङ्की हृदयग्राही तुल्याइएको छ । यसमा पात्रअनुसार कतै संस्कृतमूलक, कतै नेपालीमा प्रचलित संस्कृत त कतै झर्रो नेपालीका शब्दको प्रयोग भएको छ । ग्रामीण बोलचालको भाषाको प्रयोगले एकाङ्की पढ्दा भाषामा मिठास प्राप्त हुन्छ । छोराले आमालाई "के गर्छ ?" भन्छ भने त्यसको प्रतिउत्तरमा बुहारीले सासूलाई "आफ्नो छोरालाई त के गर्छ अब, अर्काकी छोरीको चाहिँ मिति पुऱ्याइदिन्छ" (सम, २०२० :४८) भन्छे । उसले आफ्नो पतिलाई "अझ तान्छ मेरो चुल्ठो" भन्छे । यसरी बोलीचालीको लबजमा यसको भाषा आएको भए पनि एकाङ्कीभरि सबैतिर यस्तो प्रयोग भने भएकोछैन । यसमा प्रसङ्गअनुकूलका उखानटुक्काको पनि प्रयोग गरिएको छ । उत्ताउली गाई बाघले खाई, खोला तलतिर नै बग्छ, जस्ता उखान र आँखा फुट्नु, टेरपुच्छर नलाउनु जस्ता अनेक टुक्काको प्रयोगले भाषामा मिठास थपिएको छ । सासूले बुहारीलाई गाली गर्ने सन्दर्भमा अत्यन्त तुच्छ अर्थ बुझाउने शब्दको पनि प्रयोग भएको छ । पात्रको बौद्धिक स्तर अनुरूपको भाषिक प्रयोग भएको यस एकाङ्कीमा कलात्मक गद्य भाषाको प्रयोग सरल शैलीमा भएको छ ।

## २.६ अभिनय

'बुहार्तन' अभिनेय एकाङ्की हो । यसमा प्रयोग भएको स्थान, काल र कार्यका दृष्टिले एकाङ्की रङ्गमञ्चमा प्रस्तुत गर्न सरल हुने देखिन्छ । एउटै स्थान, सीमित समय तथा एकोन्मुख कार्ययोजना यस एकाङ्कीको अभिनयका सरल पक्ष हुन् । कान्तिपुरबाहिरको भनिएको एउटै स्थान र त्यस स्थानमा घटित एकाध घण्टाका घटना, सीमित पात्रको प्रयोग भएकाले दृश्यविधानका दृष्टिले एकाङ्की सरल बन्न पुगेको हो । आङ्गिक, वाचिक, आहार्य र सात्विक चारै प्रकारका अभिनय रहेको यो एकाङ्की भावनाटक भएको हुनाले अभिनय गर्ने पात्रहरूमा सात्विक अभिनयको कला भने हुनुपर्ने देखिन्छ ।

## २.७ उद्देश्य

नेपाली ग्रामीण परिवेशको यथार्थतालाई देखाएर लेखिएको भएकाले 'बुहार्तन' एकाङ्कीले सामाजिक पारिवारिक घटनालाई अगाडि सारेको छ । परम्परित परिवारकी सासूले बुहारीप्रति गर्ने कुटिल र कठोर व्यवहार देखाउनु नै यस एकाङ्कीको उद्देश्य हो । सामाजिक समस्यामूलक एकाङ्की भए पनि अन्त्यमा समस्यालाई टुङ्ग्याएर समस्या समाधानको बाटो देखाई असल सन्देश दिन खोजिएको छ । एकाङ्कीमा रामेकी आमाको उपस्थिति गराएर उसका माध्यमबाट बुहारीलाई दुर्व्यवहार गर्ने सासू सुध्रिएको देखाइएकोछ। खोलाजस्तै माया पनि तलतिरै बग्न भन्ने सन्देश यसमा पाइन्छ । अरूको बढ्ता माया पाउन उसको भन्दा

उसलाई माया लाग्ने कुराको माया गर्नु पर्ने सन्देश समेत एकाङ्कीले दिएको छ । गार्हस्थ्य जीवनलाई सुधार्ने जनचेतनामूलक सन्देशवाहक प्रहसनका रूपमा यो एकाङ्की आएको छ। सासूले बुहारी कज्याउने दुष्ट व्यवहारलाई सामाजिक विकृति मानी त्यसबाट मुक्त समाज निर्माण गर्दै सुखी समाजको स्थापना गर्नु नै यस एकाङ्कीको मूल उद्देश्य बनेको छ ।

## ३. निष्कर्ष

बालकृष्ण समद्वारा लिखित चार एकाङ्कीमा सङकलित 'बुहार्तन' एकाङ्की भावनाटकको रूपमा प्रस्तुत भएको छ । यसले नेपाली ग्रामीण समाजमा हुने सासूबुहारीबीचको पारिवारिक बेमेल र सासूले बुहारीप्रति गर्ने दुर्व्यवहारको चित्रण गरेको छ । सामाजिक पारिवारिक समस्यामूलक एकाङ्कीका रूपमा प्रस्तुत भए पनि यसका पारिवारिक समस्याको समाधानको सरल बाटो देखाइएको छ। ग्रमीण परिवेश र ग्रामीण बोलीचालीको लबजलाई लिएर उखानटुक्कासहितको भाषाले एकाङ्की आकर्षक बनेको छ। सीमित पात्र, सरल संवाद, सरल भाषाशैली र त्रयान्वितिको पालना तथा परिवर्तनशील पारिवारिक परिवेशको संयोजनले एकाङ्की थप आकर्षक र जीवन्त बनेको छ ।

## सन्दर्भसामग्री


उपाध्याय, केशवप्रसाद. (२०६२). "नेपाली एकाङ्कीका क्षेत्रमा बालकृष्ण समको योगदान" गरिमा. २३/८, पूर्णाङ्क २७२, पृ. ३८-४३ ।

. . . . (२०६७). नेपाली एकाङ्की र एकाङ्कीकार. ललितपुर : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद र सुवेदी, देवीप्रसाद (सम्पा.) (२०५९). समका एकाङ्की. काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पन्त, जनकराज (२०४९). "समको बुहार्तन एकाङ्की : एक विवेचना". कुञ्जिनी. १/१, पृ ७७-७९ ।

सम, बालकृष्ण (२०२०). चार एकाङ्की. काठमाडौँ : रायल नेपाल एकेडेमी ।

सर्मा, ताना (२०५०). सम र समका कृति. पाँचौँ संस्करण, काठमाडौँ : साझा प्रकाशन ।

# नेपाली क्रियाविशेषण उपवाक्यको अध्ययन

❑ अर्जुन ढकाल


## लेखसार

वाक्य व्याकरणको सबैभन्दा ठूलो एकाइ हो । वाक्यमा उद्देश्य र विधेय रहेका हुन्छन् । यिनै उद्देश्य र विधेयलाई क्रमशः नामपदावली र क्रियापदावली पनि भनिन्छ । यसर्थ वाक्य नामपदावली र क्रियापदावलीबाट समष्टि रुप हो । क्रियापदावली अन्तर्गत आउने क्रियाविशेषण वाक्यको विधेय विस्तार अन्तर्गत आउने ऐच्छिक घटक हो । क्रियाविशेषणले मुख्यतया क्रियाको विशेषता तथा परिवेश जनाउने काम गर्दछ । यस्तै उपवाक्य वाक्यको संरचक हो । उपवाक्यद्वारा वाक्यको निर्माण भएको हुनाले उपवाक्य वाक्यमा अभिन्न घटकका रुपमा रहेको हुन्छ । उपवाक्यको दुई भेद अन्तर्गत स्वतन्त्रताका आधारमा गरिने विभाजनको मुख्य तथा आश्रित उपवाक्यमध्ये पर्ने क्रियाविशेषण उपवाक्यले क्रियाविशेषणको घटकका रूपमा आउने र वाक्यमा क्रियाविशेषणले गर्ने कार्य गर्दछ । प्रस्तुत लेखमा नेपाली क्रियाविशेषण उपवाक्यहरुको विभिन्न भेदोपभेद सहित सोदाहरण सूक्ष्म अध्ययन गर्ने कार्य गरिएको छ ।


**प्रमुख शब्दावली :** अधीनस्थ, नामपदावली, क्रियापदावली, उद्देश्य, विधेय, सार्वनामिक, उपवाक्य, घटक

## १. विषयप्रवेश

वाक्यको संरचना नामपदावली तथा क्रियापदावलीको योगबाट हुन्छ । नामपदावलीलाई उद्देश्य र क्रियापदावलीलाई विधेय पनि भनिन्छ । उद्देश्य तथा विधेय वाक्यको घटक हो । क्रियापदावली वा विधेय खण्डअन्तर्गत पर्ने क्रियाविशेषण उपवाक्य विधेय विस्तारमा आउने वाक्यको ऐच्छिक घटक मानिन्छ । यिनीहरूको प्रत्यक्ष सम्बन्ध वाक्यमा आएको मुख्य क्रियासँग रहेको हुन्छ र यसले मुख्य उपवाक्यको विशेषता, परिवेश आदि बुझाउने काम गर्दछ ।

वाक्यमा सार्वनामिक प्रकृतिका सम्बन्धवाचक उपवाक्यले मुख्य उपवाक्यसँग सम्बन्ध राखेका हुन्छन् । यी सार्वनामिक प्रकृतिले मुख्य उपवाक्यमा जोड्ने उपवाक्यहरू मुख्य उपवाक्यमा नै आश्रित हुन्छन् । मुख्य वाक्यमा सम्बन्ध जोड्न आउने उपवाक्यहरू नाम र क्रियापदका विशेषणका रूपमा आउँछन् । वाक्यमा मुख्य उपवाक्यको विशेषता, परिवेश आदि बुझाउन आउने उपवाक्यलाई क्रियायोगिक वा क्रियाविशेषण उपवाक्य भनिन्छ । मुख्य उपवाक्यमा क्रियाविशेषण उपवाक्यलाई जोड्न आउने संयोजकहरू विभिन्न प्रकृतिका हुन्छन् । विशेषतः ज-सार्वनामिक सम्बन्धबोधक संयोजकहरूले यस्ता वाक्यलाई जोड्दछन् र त्यही अनुसार क्रियाविशेषण उपवाक्यहरू विभिन्न प्रकारका हुन्छन् ।

## २. समस्याकथन

क्रियाविशेषण उपवाक्यलाई वाक्यको महत्वपूर्ण घटकका रुपमा लिइन्छ । जसले वाक्यनिर्माणमा ठूलो भूमिका खेलेको हुन्छ । वाक्यमा आउने क्रियाविशेषण उपवाक्यको अध्ययन गर्नु यस शोधको मुख्य समस्या हो । जसलाई क्रियाविशेषण उपवाक्य भनेको के हो ? क्रियाविशेषण उपवाक्यका के कति प्रकार छन् ? जस्ता विवेच्य प्रश्नका आधारमा त्यसको निराकरण गर्ने उद्देश्य राखी क्रियाविशेषण उपवाक्यको सूक्ष्म अध्ययन गर्नु यस शोधको मुख्य उद्देश्य रहेको छ ।

## ३. सैद्धान्तिक ढाँचा र सामाग्री सङ्कलन

प्रस्तुत लेखका निम्ति सामागी सङ्कलन गर्दा मूलतः पुस्तकालयीय पद्धति अपनाइएको छ । यसबाहेक इन्टरनेटमा पाइने भाषिक सामग्रीलाई पनि अध्ययन गरेर भाषाविज्ञानका अध्येता तथा विद्वान्हरुसँगको छलफल र अन्तर्क्रिया तथा सुझावलाई समेत आधार बनाइएको छ । यस अध्ययनका लागि आवश्यक सामग्रीको सङ्कलनपश्चात्  सङ्कलित सामग्रीलाई परिचयात्मक, वर्णनात्मक एवम् विश्लेषणात्मक पद्धति अँगालेर क्रियाविशेषण उपवाक्यको परिचय तथा प्रकारलाई सोदाहरण स्पष्ट पार्ने काम गरिएको छ ।

## ४. क्रियाविशेषण उपवाक्य

क्रियाको विशेषता तथा परिवेश जनाउने वा थप जानकारी दिने शब्दलाई क्रियायोगी वा क्रियाविशेषण भनिन्छ (गौतम/चौलागाइँ,२०७०:२३५) । यसले क्रियाको विशेषता बुझाउने भएकाले यसलाई वाक्यमा क्रियाको अधीनस्थ मानिन्छ । क्रियाविशेषणले क्रियाको समय, स्थान र तरिकालाई जनाउँछ र क्रियायोगी प्रायः कहाँ, कहिले, किन र कसरी आदि प्रश्नहरूको उत्तरमा आउने गर्दछ । क्रियाविशेषण वाक्यको ऐच्छिक घटक मानिन्छ । क्रियायोगी/क्रियाविशेषण मुख्यतः क्रियापदको विशेषण, विशेषणको विशेषण र क्रियायोगीको विशेषण गरी तीन अवस्थामा उपयोग हुन्छन् (अधिकारी,२०७१:५४)। यी मध्ये क्रियायोगीको विशेषण र विशेषणको विशेषण हुने क्रियायोगीलाई तीव्रक पनि भनिन्छ । जस्तैः

राम जुरुक्क उठ्यो ।        (क्रियाको विशेषण)

हरि धेरै राम्रो छ ।(विशेषणको विशेषण)

दिनेश एकदम बिस्तारै बोल्छ । (क्रियाविशेषणको विशेषण)

वाक्यको ऐच्छिक घटक मानिने क्रियाविशेषण वाक्यमा एकभन्दा बढी सङ्ख्यामा आउन सक्छ । क्रिया, विशेषण तथा क्रियाविशेषणको विशेषता बुझाउने क्रियाविशेषण वाक्यमा क्रियाको विशेषता बुझाउँदा क्रियापदसँग सम्बन्धित कसरी, कहिले, कता, कस्तो जस्ता प्रश्नको उत्तरको रुपमा आएको हुन्छ भने क्रियाविशेषण र विशेषणको विशेषता कति, कस्तो प्रश्नको उत्तरको रुपमा आएको हुन्छ । एउटै वाक्यमा यी तीनै प्रकारका क्रियाविशेषणहरु आउन पनि सक्छन् । क्रियाविशेषण क्रियाको विशेषता बुझाउँदा वाक्यको अगाडि पनि आउन सक्छ, बीचमा पनि आउन सक्छ र क्रियाको ठीक अगाडि पनि आउन सक्छ भने विशेषण र क्रियाविशेषणको विशेषता बुझाउँदा भने ठीक विशेषण र क्रियाविशेषणको अगाडि नै आएको हुन्छ ।

## ५. उपवाक्य

उपवाक्य पदावलीभन्दा माथिल्लो र वाक्यभन्दा तल्लो र वाक्यसरहको भाषिक एकाइ हो । एउटा उपवाक्यमा उद्देश्य र विधेय रहेको हुन्छ । यसर्थ उपवाक्यलाई उद्देश्य र विधेय भएको व्याकरणिक एकाइ मान्न सकिन्छ । उपवाक्यले निश्चित अर्थ वा कार्यलाई बुझाएको हुन्छ । विधेय क्रियासहित र क्रियाहीन गरी दुई प्रकारका हुन्छन् । क्रियासहितको उपवाक्य पनि समापिका क्रिया भएको र समापिका क्रिया नभएको गरी दुई प्रकारका हुन्छन् (ढकाल,२०६६:२२६)। यसैले उपवाक्यको वर्गीकरणमा क्रियालाई महत्वपूर्ण आधार मानिन्छ ।

उपवाक्यले वाक्य निर्माण गर्ने कार्य गर्दछ । एउटा उपवाक्यबाट पनि वाक्य निर्माण हुन्छ । यस्तै दुई वा सोभन्दा बढी उपवाक्यहरू स्वतन्त्र किसिमले मिलेर तथा एकमाथि अर्को एक वा सोभन्दा बढी उपवाक्यहरू आश्रित भएर पनि वाक्य निर्माण हुन्छ । उपवाक्यलाई क्रियाका आधारमा क्रियात्मक र क्रियारहित, स्वतन्त्रताका आधारमा स्वाधीन र आश्रित आदि विभिन्न आधारमा वर्गीकरण गरिन्छ ।

### ५.१ क्रियाविशेषण उपवाक्य

क्रियाविशेषणको घटकका रूपमा अउने र वाक्यमा क्रियाविशेषणले गर्ने कार्य गर्ने उपवाक्य क्रियाविशेषण उपवाक्य हो (यादव/रेग्मी २०५९:२३०) । जुन उपवाक्यले मुख्य उपवाक्यका क्रियाको विशेषता वा परिवेश जनाउँछ, त्यसलाई क्रियायोगिक उपवाक्य भनिन्छ । सार्वनामिक सम्बन्ध वाचक शब्दको उपयोग भई वाक्यमा आश्रित उपवाक्यले मुख्य उपवाक्यहरूसँग सम्बन्ध दर्शाउँछन् । मुख्य उपवाक्यको क्रियापदको विशेषण भई आएका क्रियाविशेषण उपवाक्यले मुख्य क्रियाको परिवेश, विशेषता आदि बुझाउँछ । मुख्य क्रियामा आश्रित उपवाक्यहरूमा संयोजकका रूपमा स्थान, दिशा, काल, परिमाण/मात्रा, रीति, आवृत्ति जनाउने सार्वनिामिक सम्बन्धवाचक संयोजकको उपयोग हुन्छ(अधिकारी,२०७१:२३९) अर्थात् स्थान, दिशा आदि बोध गराउने जहाँ, जता आदि ज-सार्वनामिक क्रियायोगीले यस्ता वाक्य निर्माण गर्दछन् । ज-सार्वनामिक सम्बन्धवाचक संयोजक लागेर बन्ने क्रियाविशेषण स्थानिक, दिशाबोधक, कालिक, परिमाणबोधक, रीतिबोधक, आवृत्तिबोधक गरी छ प्रकारका(अधिकारी,२०७१:२४६) तथा यी बाहेक सर्तबोधक, विपरीतबोधक, कारणबोधक, परिमाणबोधक, प्रयोजनबोधक, परिस्थितिबोधक र रीतिबोधक गरी आठ प्रकारका क्रियाविशेषण उपवाक्य रहेका देखिन्छन् (अधिकारी,२०७१:२३९-२४४) । यसरी क्रियाविशेषणका विभिन्न प्रकारहरु देखिन्छन् । हेर्दा वा पढ्दा सहज लागे पनि क्रियाविशेषण नबुझ्दा समस्या उत्पन्न भइरहेको हुन्छ । तसर्थ सूक्ष्मरुपमा केलाएर यसको अध्ययन गर्नु आवश्यक भएकाले यसलाई निम्नानुसार अध्ययन देखाउन सकिन्छ :

#### ५.१.१ स्थानिक/स्थानबोधक क्रियाविशेषण उपवाक्य

मुख्य उपवाक्यमा आएको क्रियाको स्थान, स्थिति वा परिवेश बुझाउन त्यसैमा आश्रित भएर आउने उपवाक्यलाई स्थानिक/स्थानबोधक क्रियाविशेषण उपवाक्य भनिन्छ । यो मुख्यतः स्थानलाई नै बुझाउने खालको हुन्छ । यसले निश्चित वा अनिश्चित स्थान बुझाएको हुन्छ । यस्तो वाक्यमा मुख्य उपवाक्यमा सार्वनामिक सम्बन्धबोधक संयोजक 'जता' ले आश्रित उपवाक्यलाई जोड्ने काम गर्दछ ।

जस्तै : जहाँ तिमी छौ, त्यही म आउँछु

उदाहरणमा आएको मुख्य उपवाक्यको क्रियापद आउँछु को स्थान सङ्केत जहाँ संयोजकले जोडेको तिमी जहाँ जान्छौ भन्ने आश्रित उपवाक्यले गरेको छ । अतः माथि आएको वाक्य क्रियाविशेषण उपवाक्यको उदाहरण हो ।

## ५.१.२ दिशाबोधक क्रियाविशेषण उपवाक्य

मुख्य उपवाक्यमा आएको क्रियाको दिशा बोध गराउन आउने उपवाक्यलाई दिशाबोधक क्रियाविशेषण उपवाक्य भनिन्छ। दिशाबोधक क्रियाविशेषण उपवाक्यलाई ‘जता’ सार्वनामिक सम्बन्धबाचक संयोजकले जोड्दछ र यो कता भन्ने प्रश्नसँग सम्बधित हुन्छ ।

जस्तैः जता भाइ जान्छ, त्यतै दाइ जान्छ ।

उदाहरणमा मुख्य उपवाक्य दाइ जान्छ मा कता जान्छ ? भन्ने सन्दर्भमा जता भाइ जान्छ भन्ने आश्रित उपवाक्य आएको छ र यसले दाइ जाने भाइ भएको दिशा बुझाएको छ । तसर्थ यो उदाहरण दिशाबोधक क्रियाविशेषणको हो ।

## ५.१.३ कालिक/कालबोधक क्रियाविशेषण उपवाक्य

मुख्य उपवाक्यमा आएको क्रियाको काल, समय आदि बुझाउन आउने आश्रित उपवाक्यलाई कालिक वा कालबोधक क्रियाविशेषण उपवाक्य भनिन्छ । कालबोधक आश्रित उपवाक्यलाई मुख्य उपवाक्यसँग ‘ कहिले’को उत्तरमा आउने जब, जतिबेला जस्ता सार्वनामिक सम्बन्धवाचक संयोजकले जोड्ने काम गर्दछ र यसले मुख्य उपवाक्यको क्रियाको समयबोध गराउने कार्य गर्दछ ।

जस्तैः जब सर आउनुहुन्छ, तब विद्यार्थी चुप लाग्छन् ।

वाक्यमा विद्यार्थी चुप लाग्छन् भन्ने मुख्य उपवाक्यमा कहिले अथवा कुन समयमा भनेर प्रश्न गर्दा जहिले/जब सर आउनुहुन्छ भन्ने आश्रित उपवाक्य आएको छ । यसले सर आउने समयको बोध गराई विद्यार्थी चुप लाग्ने भन्ने मुख्य उपवाक्यलाई जोडेको छ । अतः यो कालबोधक क्रियाविशेषण उपवाक्यको उदाहरण हो ।

## ५.१.४ परिमाण/मात्राबोधक क्रियाविशेषण उपवाक्य

वाक्यमा मुख्य उपवाक्यको क्रियाको परिमाण वा मात्रा बुझाउन त्यसैमा आश्रित भएर आउने उपवाक्यलाई परिमाण/मात्राबोधक क्रियाविशेषण उपवाक्य भनिन्छ । यस्तो वाक्यमा ‘कति’ को उत्तरमा आउने ‘जति’ सार्वनामिक सम्बन्धवाचक संयोजकले आश्रित उपवाक्यलाई मुख्य उपवाक्यसँग जोड्ने काम गर्दछ ।

जस्तैः जति उमेर चढ्छ, उति बोझ बढ्छ

वाक्यमा आएको मुख्य उपवाक्य बोझ बढ्छ को परिमाणलाई जनाउन जति उमेर चढ्छ भन्ने त्यसैमा आश्रित उपवाक्य आएको देखिन्छ । जसले बोझ बढ्नुको परिमाण उमेर बढ्नुलाई संकेत गरेको

छ । अतः यो परिमाणबोधक क्रियाविशेषणको उदाहरण हो ।

## ५.१.५ रीतिबोधक क्रियाविशेषण उपवाक्य

मुख्य उपवाक्यमा आएको क्रियाको रीति, तरिका वा ढङ्ग बुझाउन त्यसमै आश्रित भएर आउने उपवाक्यलाई रीतिबोधक क्रियाविशेषण उपवाक्य भनिन्छ। मुख्य उपवाक्यमा आएको क्रियाको कसरी, कस्तो भन्ने प्रश्नको उत्तरमा आउने 'जसरी' 'जस्तो' सार्वनामिक सम्बन्धवाचक संयोजकले मुख्य उपवाक्यमा आश्रित उपवाक्यलाई जोड्ने काम गर्दछ र यसले क्रियाको ढङ्ग बुझाउँदछ ।

जस्तै : जसरी सर सिकाउनुहुन्छ, त्यसरी नै म लेख्छु ।

यस वाक्यमा आएका मुख्य उपवाक्य म लेख्छु मा लेख्ने रीति वा ढङ्ग बुझाउन जसरी संयोजकद्वारा जोडिएर जसरी सर सिकाउनुहुन्छ भन्ने आश्रित उपवाक्य आएको छ। जसले म लेख्छु भन्ने उपवाक्यको लेख्ने ढङ्गलाई सरको सिकाइको तरिकालाई बुझाएको छ। तसर्थ माथिको उदाहरण रीतिबोधक क्रियाविशेषणको हो ।

## ५.१.६ आवृत्तिबोधक क्रियाविशेषण उपवाक्य

मुख्य उपवाक्यमा आएको क्रियाको आवृत्ति, दोहोरिने क्रम वा क्रम बुझाउन त्यसमै आश्रित भएर आउने उपवाक्यलाई आवृत्तिबोधक क्रियाविशेषण उपवाक्य भनिन्छ। अर्थात् यस्तो वाक्यमा जोडिएर आएको आश्रित उपवाक्यले मुख्य उपवाक्यको क्रियाको क्रम वा आवृत्तिलाई जनाउँछ। आवृत्तिबोधक क्रियाविशेषण उपवाक्यलाई जतिपल्ट सार्वनामिक सम्बन्धवाचक संयोजकले मुख्य उपवाक्यसँग जोड्ने काम गर्दछ ।

जस्तैः जतिपल्ट राम दौडिन्छ, त्यतिपल्ट पछारिन्छ ।

यस वाक्यमा रामको पछारिने क्रम या आवृत्तिलाई बुझाउन जतिपल्ट राम दौडन्छ भन्ने उपवाक्य आएको छ । यसर्थ यो वाक्य आवृत्तिबोधक क्रियाविशेषण उपवाक्यको उदाहरण हो ।

सार्वनामिक सम्बन्धबोधक संयोजक लागेर बन्ने यी क्रियाविशेषण उपवाक्य बाहेक अन्य क्रियाविशेषण उपवाक्यलाई पनि यसरी देखाउन सकिन्छ :

## ५.१.७ सर्तबोधक क्रियाविशेषण उपवाक्य

मुख्य उपवाक्यमा व्यक्त भएको क्रियाको सर्त बुझाउन आउन आउने आश्रित उपवाक्यलाई सर्तबोधक क्रियाविशेषण उपवाक्य भनिन्छ। सर्तबोधक भने संयोजकले मुख्य उपवाक्य र आश्रित उपवाक्यलाई जोड्ने काम यस्तो वाक्यमा गरेको देखिन्छ ।

जस्तैः पैसा फिर्ता दिन्छौ भने म सापटी दिन्छु ।

यस वाक्यमा सापटी दिनु मुख्य उपवाक्यको क्रियाको सर्त बुझाउने प्रसङ्गमा पैसा फिर्ता दिन्छौ भने भन्ने आश्रित उपवाक्य आएको छ ।

## ५.१.८ विपरीतबोधक क्रियाविशेषण उपवाक्य

मुख्य उपवाक्यको क्रियामा व्यक्त भएका कुरा आश्रित उपवाक्यमा व्यक्त कुराभन्दा प्रतिकूल वा

विपरीत हुन जान्छ भने त्यसलाई विपरीतबोधक क्रियाविशेषण उपवाक्य भनिन्छ। अर्थात् मुख्य उपवाक्य र आश्रित उपवाक्यका बिच वैपरीत्य देखिन्छ भने त्यसलाई विपरीतबोधक क्रियाविशेषण उपवाक्य भनिन्छ।
जस्तैः राम धेरै पढेको छ पनि दुष्ट छ।

यस वाक्यमा मुख्य उपवाक्य राम दुष्ट छ भन्ने उपवाक्यमा राम धेरै पढेको भए पनि भन्ने आश्रित उपवाक्य आएको छ र मुख्य उपवाक्यमा व्यक्त कुरा आश्रित उपवाक्यमा भन्दा विपरीत देखिन्छ। यसर्थ यो उदाहरण विपरीतबोधक क्रियाविशेषण उपवाक्यको हो।

### ५.१.९ कारणबोधक क्रियाविशेषण उपवाक्य

मुख्य उपवाक्यको तार्किक आधार बनेर आउने आश्रित उपवाक्यलाई कारणबोधक क्रियाविशेषण उपवाक्य भनिन्छ। यसमा मुख्य उपवाक्यको क्रियालाई आश्रित उपवाक्यले समर्थन गरेको हुन्छ र त्यसको कारण खुलाएको हुन्छ।
जस्तैः राम गुलियो खाँदैन किनकि उसलाई सुगर छ।

यस वाक्यमा आएको मुख्य उपवाक्य उसलाई सुगर छ भन्ने कुरालाई आश्रित उपवाक्यले समर्थन गरेको छ र उसले गुलियो नखानुको कारण बताएको छ। यसर्थ उदाहरण कारणबोधक क्रियाविशेषण उपवाक्यको हो।

### ५.१.१० परिणामबोधक क्रियाविशेषण उपवाक्य

मुख्य उपवाक्यको परिणाम वा प्रतिफल जनाउने आश्रित उपवाक्यलाई परिणामबोधक क्रियाविशेषण उपवाक्य भनिन्छ। यस्तो वाक्यमा मुख्य उपवाक्यको क्रियाको परिणामलाई आश्रित उपवाक्यले जनाएको हुन्छ।
जस्तैः रामको निधन भयो जसले गर्दा उसको श्रीमतीको विचल्ली भयो।

उदाहरणमा आएको श्रीमतीको विचल्ली हुनु रामको निधनको परिणाम हो भन्ने कुरा आश्रित उपवाक्यले जनाएको छ।

### ५.१.११ प्रयोजनबोधक क्रियाविशेषण उपवाक्य

मुख्य उपवाक्यको प्रयोजन, उद्देश्य आदि जनाउने आश्रित उपवाक्यलाई प्रयोजनबोधक क्रियाविशेषण उपवाक्य भनिन्छ। यहाँ मुख्य उपवाक्यको प्रयोजन आश्रित उपवाक्यले खुलाएको हुन्छ।
जस्तैः आमाको इच्छा पुऱ्याउँछु भनेर मदन विदेश गयो।

यस वाक्यमा मदन विदेश गयो भन्ने मुख्य उपवाक्यको प्रयोजन आमाको इच्छा पुऱ्याउँछु भनेर भन्ने आश्रित उपवाक्यले जनाएको छ। अतः उदाहरण प्रयोजनबोधक क्रियाविशेषण उपवाक्यको हो।

### ५.१.१२ परिस्थितिबोधक क्रियाविशेषण उपवाक्य

मुख्य उपवाक्यमा व्यक्त भएको कुरा परिस्थिति जनाउने आश्रित उपवाक्यलाई परिस्थितिबोधक

क्रियाविशेषण उपवाक्य भनिन्छ र यसमा आश्रित उपवाक्यबाट मुख्य उपवाक्यको परिस्थिति जनाइन्छ । जस्तै : पानी पर्दै थियो, उनीहरू हिँडे ।

यस उदाहरणमा आश्रित उपवाक्यले मुख्य उपवाक्यको परिस्थिति जनाएको छ । यहाँ मुख्य उपवाक्यमा आश्रित उपवाक्यलाई जोड्न कुनै संयोजनक नआए पनि आश्रित उपवाक्यले मुख्य उपवाक्यको परिस्थिति जनाएको छ ।

## ५.१.१३ रीतिबोधक क्रियाविशेषण उपवाक्य

मुख्य उपवाक्यमा भएको क्रियाको रीति बुझाउने आश्रित उपवाक्यलाई रीतिबोधक क्रियाविशेषण उपवाक्य भनिन्छ। यसमा मुख्य उपवाक्यको क्रिया घट्नुको रीति वा ढङ्गलाई आश्रित उपवाक्यले जनाएको हुन्छ ।

जस्तैः रमेश यसरी लड्यो कि एकछिन उठ्नै सकेन ।

उदाहरणमा मुख्य उपवाक्य रमेश उठ्न नसक्नुको रीतिलाई आश्रित उपवाक्य रमेश यसरी लड्यो कि ले जनाएको छ। यसर्थ उदाहरण रीतिबोधक क्रियाविशेषण उपवाक्यको हो ।

## ५.१.१४ तात्कालिक प्रतिफलबोधक क्रियाविशेषण उपवाक्य

मुख्य उपवाक्य र आश्रित उपवाक्यका कार्य एकैपटक भए जस्तो देखिए पनि तिनका बिच कारण कार्यको अनुक्रम देखिए तात्कालिक प्रतिफलबोधक क्रियाविशेषण उपवाक्य हुन्छ ।

जस्तैः पानी पऱ्यो कि बाटो हिलो हुन्छ

उदाहरणमा पानी पर्नु र बाटो हिलो हुनु कार्य एकैपटक घटेको देखिए पनि पानी परेकाले बाटो हिलो भएको भन्ने कुरा कारण कार्यको अनुक्रममा आएकाले उदाहरण तात्कालिक प्रतिफलबोधक क्रियाविशेषण उपवाक्यको हो ।

## ६. निष्कर्ष

क्रियाको विशेषता तथा परिवेश जनाउने शब्दलाई क्रियाविशेषण भनिन्छ। यो वाक्यको ऐच्छिक घटक हो। क्रियाविशेषणले क्रियाको स्थान, समय आदिलाई बुझाउँछ भने उपवाक्य भनेको पदावलीभन्दा माथिल्लो र वाक्यभन्दा तल्लो तथा वाक्यकै तहको व्याकरणिक एकाइ हो। उपवाक्यद्वारा वाक्यको निर्माण हुने भएकाले यसलाई वाक्यको अनिवार्य घटक मानिन्छ। उपवाक्यलाई क्रिया तथा स्वतन्त्रताका आधारमा विभिन्न भागमा वर्गीकरण गरिन्छ।

उपवाक्यको दुई भेद अन्तर्गत स्वतन्त्रताका आधारमा गरिने विभाजनको मुख्य तथा आश्रित उपवाक्यमध्ये पर्ने क्रियाविशेषण उपवाक्य क्रियाविशेषणको घटकका रूपमा आउने र वाक्यमा क्रियाविशेषणले गर्ने कार्य गर्दछ।  यसले मुख्य उपवाक्यको विशेषता, परिवेश आदि बुझाउँछ। क्रियाविशेषण उपवाक्य सार्वनामिक सम्बन्धवाचक शब्दको उपयोग भई बन्ने र अन्य रूपमा बन्ने गरी मुख्य दुई प्रकारका देखिन्छन् । सार्वनामिक सम्बन्धवाचक संयोजकको उपयोग भई क्रियाविशेषण उपवाक्य स्थानबोधक,

दिशाबोधक, कालबोधक, परिमाण/मात्राबोधक, रीतिबोधक र आवृत्तिबोधक गरी छ प्रकारको हुन्छ भने सार्वनामिक सम्बन्धवाचक शब्दको उपयोग नभई बन्न क्रियाविशेषण उपवाक्य सर्तबोधक, विपरीतबोधक, कारणबोधक, परिणामबोधक, प्रयोजनबोधक, परिस्थितिबोधक, रीतिबोधक र तात्कालिक प्रतिफलबोधक गरी आठ प्रकारका छन् ।

## सन्दर्भसामग्री


अधिकारी, हेमाङ्गराज समसामयिक नेपाली व्याकरण (विद्यार्थी पुस्तक भण्डार, काठमाडौँ : २०७१)

गौतम, देवीप्रसाद र चौलागाईं, प्रेमप्रसाद भाषाविज्ञान (पाठ्यसामग्री पसल, काठमाडौँ, दो.सं.२०७०)

ढकाल, शाान्तिप्रसाद सामान्य र प्रायोगिक भाषाविज्ञान (शुभकामना प्रकाशन, काठमाडौँ, ते.सं.२०६६)

यादव, योगेन्द्रप्रसाद र रेग्मी भीमनारायण भाषाविज्ञान (न्यु हिरा बुक्स इन्टरप्राइजेज्, कीर्तिपुर काठमाडौँ, दो.सं.२०५९)

# वैदिक साहित्यमा नारीको स्थान

❑ कृष्णमणि पहारी
सहायक प्राध्यापक

## लेखसार

वर्तमानको आधुनिक नारीवादी, सुधारवादी साहित्यमा देखिएका नारीका हक, अधिकार सम्मानसम्बन्धी जति धारणाहरू छन्, ती भन्दा बढी व्यावहारिक, उदारवादी, समाजमुखी धारणाले ओतप्रोत धारणाहरू वैदिक कालिका साहित्यमा पनि थिए । नारीवादी वैदिक साहित्यको गहन अध्ययनबिना नै पूर्वीय दर्शनमा आधारित वैदिक साहित्यलाई नारीप्रति उदार हुन नसकेको गलत तर्क गरेर अपव्याख्या गरिनु उपयुक्त होइन । वैदिक साहित्यले नारीलाई उच्चतम सम्मान दिएर नारीसमानतातर्फ बढी व्यवहारमुखी हुनुपर्छ भन्ने पाठ सिकाएको छ ।

**प्रमुख शब्दावली :** वाङ्मय, वेद, दर्शन, सूक्त, उषा, सभ्यता, नारीवाद, मन्त्र, स्वयंवर, मन्त्रीद्रष्ट्र ऋषिका, सहकार्य, समाजसापेक्ष, लैङ्गिक, सम्बन्ध विच्छेद, ब्रह्मवादिनी, सहधर्मिणी

## १. विषयप्रवेश

वैदिक वाङ्मय विश्वकै प्राचीन तथा अति समृद्ध ज्ञानराशि हो । ज्ञान-विज्ञान, कला, कौशल, धर्म, इतिहास, दर्शन, संस्कृति, राजनीति, साहित्य, व्यवहारनीति आदि समस्त मानवोचित ज्ञानभण्डार वैदिक साहित्यको खोज, अन्वेषण र सत्यापन गर्ने काम अद्यापि भइरहेको छ । यही वैदिक वाङ्मयका आधारमा लौकिक संस्कृत भाषामा अनगन्ती साहित्यहरू लेखिएका छन् । त्यसमा पनि नारीका गुण, सौन्दर्य र विशिष्ट क्षमतालाई मानेर प्रशस्त मात्रामा वैदिक सूक्तहरू, काव्य, महाकाव्य, पुराण, साहित्य आदि रचिएका छन् । वैदिक आर्य सभ्यतामा पनि नारीप्रधान शासनव्यवस्था रहेको कुरा छिटपुटरूपमा वेदमा चर्चा भएको पाइन्छ (त्रिवेदी, २०५३:१०२) । यसरी सिंगो वैदिक वाङ्मयलाई अधिकांशरूपमा साहित्यिक विषयवस्तु प्रदान गरेको नारीकेन्द्री साहित्यले नारीको स्थान कसरी निर्धारण गरेको छ भन्ने विषयमा यो लेख केन्द्रित छ ।

## २. समस्या कथन र उद्देश्य

वैदिक वाङ्मयको एउटा महत्वपूर्ण पाटो मानिएको नारी साहित्यलाई वेदहरूमा कसरी उल्लेख गरिएको छ भन्ने अध्ययन गर्नु नै यस लेखको मुख्य समस्या हो । आधुनिक साहित्यमा जुन किसिमले नारीकेन्द्री साहित्यले स्थान पाएको छ, त्यस्तै स्थान र महत्व विश्वकै प्राचीन साहित्य वैदिक साहित्यमा दिइएको छ कि छैन भनी सामानय दिग्दर्शन गराउनु लेखको उद्देश्य रहेको छ । सबै वेदहरूमा नारीका गुण, शील, स्वभावको के कति चर्चा गरिएको छ, उनीहरूलाई तात्कालिक समाजले कस्तो स्थान वा

सामाजिक मूल्य मान्यता प्रदान गरेको थियो भन्ने जस्ता प्रश्नहरूको जिज्ञासा समाधान गर्नु पनि यस लेखको उद्देश्यभित्र पर्दछ ।

## ३. सैद्धान्तिक ढाँचा र सामग्री सङ्कलन

प्रस्तुत लेखका निम्ति सामग्री सङ्कलन गर्ने क्रममा पुस्तकालयीय पद्धतिलाई मूल आधार बनाइएको छ । त्यस्तै अन्तर्राष्ट्रिय सञ्जालीय गुगल-खोज तथा विभिन्न लेखहरूको अभिमतलाई आधार बनाई परिचयात्मक र वर्णनात्मक विधिको अवलम्बन गरिएको छ ।

## ४. वर्तमानको नारी साहित्य र वैदिक साहित्य

मानव सभ्यताको विकाससँगै नारी र पुरुषको सहयात्रालाई नियाल्ने हो भने नारीहरूको जीवनचर्यामा निकै उतारचढाव आएको देखिन्छ । वैदिककालिक नारीहरू जति धेरै अधिकारसम्पन्न रहे तापनि समाजमा कालक्रमिक परिवर्तन हुँदै जाँदा पुरुष सक्रिय हुँदै गयो । शारीरिक सामर्थ्य, कार्यकौशल, व्यावहारिक दक्षता, शूरता आदिका कारण पुरुष अझ बढी सक्रिय हुँदै र नारीहरूलाई पछि पार्दै जाँदा पुरुषवादी प्रवृत्ति हाबी भएको सहजै अनुमान गर्न सकिन्छ । हुँदाहुँदै महत्वपूर्ण निर्णायक कामहरू सम्पन्न गर्ने भूमिकामा महिलाहरूलाई बेवास्ता गर्दै पुरुष/पितृसत्तावादी सोचको विकास हुँदै जानु र नारीहरूको धीरता, सहिष्णुता, स्नेही व्यवहार, पुरुषप्रतिको आदरभाव जस्ता उदात्त व्यवहारहरू माथि टेकेर पुरुषवर्ग मात्रै अघि बढ्नुले नारीपुरुषबीचको समता र सहयात्रामा भिन्नताको दूरी बढ्दै गएको हो । शताब्दियौंसम्मको यात्रासँगै उत्तरवैदिक कालमा आएर नारीलाई पछि पार्दै अपमानित गर्न थालियो । धेरैजसो नारी स्वतन्त्रता, हक र अधिकारहरूको पनि कटौती हुन पुग्यो (मिश्रा, गुगलखोज) । हुँदाहुँदै नारीप्रति चरम शोषण र हक अधिकारको कटौती गर्ने दुस्साहस स्वरूप सतीप्रता र घुम्टोप्रथा जस्ता अमानवीय गतिविधिले समेत विभिन समाजमा नराम्ररी जरो गाडेको देखिन्छ । नारी उत्पीडनप्रतिको यही कुप्रथालाई अन्त गर्न संसारमा समयसमयमा विभिन्न किसिमका नारीमुक्ति आन्दोलनहरू भएका देखिन्छन् । बालविवाह, बहुविवाह, दाइजोप्रथा, सतीप्रथा, तलाक, घरेलु हिंसा, यौनशोषण, बलात्कार, सम्पदाधिकारको वञ्चना, शिक्षादीक्षाको अधिकार कटौती, गौण सामाजिक भूमिका आदि तमाम विकृति र विसंगतिको विरोधस्वरूप संसारमा नारीवादी आन्दोलन, अत्याचारको विरोध, नारीवादी लेखन, नारीविद्रोह, आदिले रक्तपातको अवस्था सृजना गरेका छन् (शर्मा, २०७२:३७१) ।

नारीवादी साहित्यको विकासका निम्ति नारीमुक्ति आन्दोलनले समेत गहिरो प्रभाव पारेको पाइन्छ । विशेषगरी अमेरिकी, फ्रान्सेली र बेलायती भूमिबाट नारीवादी साहित्यले विकसित हुने मौका प्राप्त गरेसँगै यस क्षेत्रमा धेरै नारीवादी लेखकहरूले कमल चलाएका छन् । मूलतः १८ औं शताब्दीको अन्ततिरबाट (शर्मा, २०७२:३७२) नारीसमर्थक साहित्य लेखिन थालेपछि बीसौं शताब्दीको उत्तरार्धसम्म आइपुग्दा यसले निकै सशक्तता धारणा गर्न सफल भएको देखिन्छ । नारीहरू हरेक क्रियाकलाप, गतिविधि, क्षमता, बौद्धिक कार्य सम्पादन जस्ता कुनै पनि क्षेत्रमा पुरुषसरह नै सक्षम हुन्छन् भन्ने मान्यताले अहिलेको उत्तर आधुनिकतावादी चिन्तनमा व्यापकता पाएको छ -शर्मा २०७३:३७३) । नारीका सामूहिक पीडा र व्यथा

बुझ्न प्रायशः नारीस्रष्टाहरू नै सफल हुन्छन् । हुनत पुरुष लेखकले पनि नारीमुक्तिका बारेमा सशक्त र गहन अनुभूतिहरू दिई जनमानसलाई परिवर्तनकारी दिशातर्फ मोड्न सक्छन्, तापनि प्रसव वेदनालाई प्रसूता नारीले नै बढी आत्मसात् गर्न सफल भएजस्तै नारी समस्याहरूको मर्मोद्घाटन गर्न नारी हस्ताक्षरहरू नै बढी सफल बनेका देखिन्छन् । नारीवादी स्रष्टा उल्फ, साइमन डु बुभा, म्यारी एल्मन, केट मिलेट, सुसार गुबार जस्ता सशक्त प्रतिभाहरूले नारीसचेनामूलक साहित्य लेखनमा ठूलै चर्चा पाएका छन् (शर्मा २०७२:३७२) । हुँदाहुँदै नारी सृजनाको प्रकाशनकै लागि भनेर स्थापना गरिएका प्रकाशन गृह र संस्थाहरू अद्यावधि सक्रिय छन् ।

यो त भयो आधुनिक नारीवादी लेखनको विषयगत चर्चा तर प्राचीन वैदिककालको वेदसाहित्यलाई हेर्ने हो भने नारीपक्षपोषणका सम्बन्धमा आधुनिक नारीवादी विचारका तुलनामा अझै केही कदम अगाडि रहेको पाइन्छ । भौतिक तथा चेतनाको विकासगत समृद्धिले धनी मानिएका वर्तमान नारीवादी चेतनालाई तात्कालिक वैदिक सभ्यतासँग दाँज्नुमा कैयौं पक्षहरूलाई विचार गर्नुपर्ने नै हुन्छ । आधुनिक यान्त्रिक सभ्यता र संस्कृति तात्कालिक युगमा थिएन र पनि वेदमा चर्चा गरिएको दिनचर्या र आर्ष जीवनशैलीलाई विचार गर्दा उक्त सभ्यता वर्तमानको सभ्यताभन्दा बढी स्वस्थ, मर्यादित र समाजसापेक्ष देखिन्छ । आधुनिक युगको नारी उन्मुक्ति, स्वतन्त्रता र हक अधिकारको प्रत्यायोजन शैली कतिपय सन्दर्भमा उच्छृङ्खल, अमर्यादित र पुरुषविरोधी पनि देखिन्छ । हुँदाहुँदै एउटा पक्षलाई मात्र प्रदान गरिएको अधिकार चुलिएर बिटसमेत नाघ्नुले अर्को वर्गका लागि हानि पुऱ्याएको पनि हुन सक्छ । नारी अतिवादिताको तमकले गर्दा नारी वर्गका जीवनयात्रा पुरुषको कुनै पनि प्रकारको सहकार्य र सहयोग विना नै चल्छ भने दुराग्रही टेक लिनु निश्चय नै एउटा विकृति हचो । पुरुष वर्गप्रति पोखिएको आक्रोशको ज्वाला हो । यसरी कदापि लैङ्गिक समानता र उभयात्मक स्वतन्त्रताको स्वच्छ यात्रा अगाडि बढ्न सक्दैन । वैदिक कालमा भने यस्ता कुनै पनि प्रकारका विभेदमूलक चरम अधिकारवादी धारणाहरू रहेका पाइँदैनन् । बरु नारीले पुरुषको सम्मान गर्दै आफ्ना पतिको दीर्घायुको कामना गरेको उल्लेख छ (पा.गृ.१।८।९) । नारीस्वतन्त्रताका नाममा नारी छाडातन्त्र थिएन । आफ्नो विवाहलायक उमेर भएपछि अर्थात् पूर्णयौवना भएपछि स्वयंवर गर्ने स्वतन्त्रता अहिले मात्र नभएर तात्कालिक युगमा पनि थियो । एकपत्नीव्रत र पतिव्रता धर्मनिवाह गरिन्थ्यो -मिश्रः, २०५३:१०६) । उक्त प्रथा कालान्तरमा आएर पौराणिक युगसम्म आइपुग्दा विकृत बन्न पुगेको देखिन्छ । एकल महिला सधैं एकल रहनुपर्ने तर पुरुषले बहुविवाह गर्न पाउने जस्तो एकाधिकारवादी पुरुषप्रधान व्यवस्था रहेको कुरा पुराण साहित्यको अध्ययनबाट अवगत हुन्छ । त्यतिबेला चुल्ठो विनाको केश फिँजाउने र कपाल काट्ने काम विवाहिता नारीले (वर्तमानमा जस्तो) गर्दैनथे (मिश्र, २०५३:१०७) । पाश्चात्य मुलुकमा जस्तो बिहान वैवाहिक सूत्रमा बाँधिने र बेलुका सम्बन्ध विच्छेद हुनेजस्तो बेहद छाडा स्वतन्त्रता थिएन बरु सात जन्मसम्मको सहयात्रा हुने कामना गरिन्थ्यो । पतिका साथमा वृद्धावस्थासम्म सम्बन्धविच्छेद नगरी सहयात्रा गरिने कामना अभिव्यक्त भएको पाइन्छ (ऋग् १०।८५।३६) ।

## ५. वेदमा नारीको वर्णन

आर्य जातिहरूको ज्ञानको सम्पूर्ण निधि तथा वैदिक साहित्यको मूल आधार मानिएका ऋग्, यजु, साम र अथर्ववेद लगायत कतिय ब्राह्मण ग्रन्थहरूमा समेत नारीको उच्च महत्ता राखेर उनीहरूको

गुण, क्षमता शील र सौन्दर्यको चर्चा भएको पाइन्छ । यथार्थमा नढाँटीकन भन्ने हो भने नारीलाई जुन महत्व दिएर वैदिक साहित्य रचिएका छन्, त्यति धेरै महत्व संसारका कुनै पनि ग्रन्थमा छैन । वर्तमानको परिप्रेक्ष्यलाई हेरेर मात्रै हुँदैन, त्यतिबेलाको वैदिक सभ्यतामा नारीलाई त्यति धेरै उच्च आदर्श पात्र मान्ने कुरालाई तुलनात्मक रूपमा हेर्ने हो भने अहिले साहित्यमा जतिसुकै नारीवादी नारा घन्काइए पनि तत्तुल्य हुनै सक्दैन । आर्यहरूको पुरुष सत्तात्मक अतिवादी प्रवृत्तिले नारीलाई घृणा गरेको, निकृष्ट ठहराएको, पछि पारेको वा हरेक अधिकारबाट वञ्चित गरेको जस्तो लाञ्छना र दोषारोपहरू अल्पज्ञता वा मूढताका प्रत्यक्ष द्योतक हुन् । धर्मशास्त्र, मनुस्मृति र पुराण साहित्यले नारीलाई अपमान गरेको भनेर अपव्याखया गर्ने तथाकथित आधुनिक नारीवादी विद्वान् र सतही अध्येताहरूलाई वैदिक वाङ्मयका ज्ञानीहरूले गहन अध्ययन गरेर मात्रै कलम चलाउन चुनौती दिएका छन् । वेदमा सर्वत्र छरिएर रहेका नारी अस्तित्ववादी चिन्तन र दर्शनका विषयहरूलाई यहाँ सामान्य दिग्दर्शन गराइन्छ ।

## ५.१ ऋग्वेदमा नारीवर्णन र महिमागान

ऋग्वेदको दशम मण्डलको १५ औं सूक्तमा शची देवीको गौरव वर्णन गर्दै उनले आफू मूर्ध्यन्य, विजयिनी, ज्ञानमा अग्रगण, प्रतीक र शिरका रूपमा रहेको वीराङ्गनासुलभ उद्गार व्यक्त गराइएको छ (१५-१५९-२) । त्यस्तै वैदिक कालमा नारीहरू पनि पुरुषभन्दा कुनै पनि प्रकारले कमजोर नरहेको, पुरुषसँगै युद्धभूमिमा गएर शत्रुसँग लड्न सक्ने वीराङ्गनाका रूपमा प्रस्तुत गरिएको छ । पत्नी गृहलक्ष्मी, सौभाग्य तथा सुलक्षणकी प्रतीक हुन् (ऋग् १०।८६।११), पतिलाई उत्तम लोक प्राप्त गराउने प्रमुख कारण नै नारी हुन् । त्यसैले पुरुषले उनको स्मरण बारम्बार गर्दछन् (५।२।१-१०), सासू, ससुरा र पतिका साथमा आफ्नो घरमा रहँदा तिमी साम्राज्ञी (ठूली रानी) बन (१०।८५।४६) । त्यस्तै सूर्या, शची इला, सरस्वती, लक्ष्मी, उषा, दीप्तिमती, सिनीवाली आदि असङ्ख्य देवीशक्तिका रूपमा वर्णन गरिएको छ । जसरी छोराले बाबुको अंशको उत्तराधिकारित्व प्राप्त गर्दछ, त्यसरी नै छोरीले पनि समान अधिकार प्राप्त गर्दछन् (३।३१।१) भनी वर्तमानको छोरीलाई सम्पत्तिको हकाधिकारको व्यवस्थाभन्दा अझ बढी उपयुक्त व्यावहारिक, समान भावात्मक, समाजविज्ञानसम्पन्न थियो भन्ने आधार भेटिन्छ ।

नारीहरूलाई गुरुकुलमा पढ्ने पढाउने अधिकार रहेको कुरा वैदिक कालिक इतिहासबाट बोध हुन्छ । विद्याकी देवी सरस्वती नारीशक्तिकै देवीरूप हुन् । उनैको कृपाबाट समग्र बौद्धिक विकास हुने मान्यता वैदिक सभ्यतादेखि नै रहँदै आएको छ । विदुषी गार्गी र मैत्रेयी जस्ता नारीहरूले गुरुकुलमा अध्यापन समेत गर्दथे । मन्त्रद्रष्ट्री ऋषिकाहरू पनि ऋषि महर्षिहरू जस्तै थिए । यसै क्रममा ऋषिका मृदुगलानीको कथा वर्णित छ (ऋग्१०।१०२) । त्यस्तै अध्यात्म साधना र तपस्यामा संलग्न ब्रह्मवादिनी घोषा (१०।३९-४०) सर्वपूज्या थिइन् भन्ने उल्लेख पाइन्छ । ऋषिपत्नी लोपामुद्राले अरू महिर्षहरूले जस्तै मन्त्रहरू/सूक्तहरू पाएकी थिइन् । ध्यान गर्दागर्दै प्राप्त हुने त्यस्ता सूक्त र मन्त्रहरू शक्तिशाली हुन्थे भनी बताइएको छ । त्यस्तै सुशीला, बहुश्रुता, यशोमती, अपाला, घोषा, सावित्री, दाक्षायणी आदि ऋषिकाहरू विदुषी, तपस्विनी र साधिकाका रूपमा सर्वमान्य थिए (त्रिवेदी, २०५३:१०४) भन्ने उल्लेखबाट ऋग्वेदमा नारीको उच्च कदर गर्दै सूक्त साहित्य लेखिएको पाइन्छ ।

## ५.२ यजुर्वेदमा नारी

**विशेष गरी यज्ञ यागादि शुभ कर्महरूमा नारीशक्ति/सपत्नीक भएर कर्म गर्नुपर्दछ। अन्यथा उक्त शुभकर्म अपूर्ण नै रहन्छ। त्यसैले नारी धर्मपत्नी पनि हुन् भनी उच्च सम्मान नारीप्रति व्यक्त गरिएको छ। त्यस्तै स्त्रीलाई महत्वपूर्ण छलफल र सभामा सहभागी बनाउनू, बलिया शत्रुहरूसँग विजय प्राप्ति गर्न स्त्रीलाई समेत युद्धमा जान प्रोत्साहित गर्नु (यजु. १७:४५) भनी उल्लेख यजुर्वेदमा गरिएको छ।**

## ५.३ अथर्ववेदमा नारी

अथर्ववेद पनि नारीहरूकै उच्च कदर गर्दै विविध मन्त्र र सूक्तहरू समावेश गरिएको महत्वपूर्ण ग्रन्थ हो। यस ग्रन्थमा नारीप्रति सद्भाव व्यक्त गरएिका मन्त्रहरू पाइन्छन्। मातापिताले आफ्नी छोरीलाई विद्या र ज्ञानको उपहार (दाइजो) दिएर सम्पन्न गराएर मात्रै कन्याको विवाह गरिदिनू (अथर्व, १४:१:६) भन्ने मन्त्रबाट वर्तमानको दाइजोप्रथाले थिलोथिलो पारिएको विकृत र विद्रूप समाजको भन्दा कैयौं गुणा सुन्दर सामाजिक व्यवस्था वैदिक कालमा रहेको कुरा छर्लङ्ग हुन्छ। त्यस्तै पुरुषहरू भन्दा नारीहरू अझ धेरै सुशिक्षित र गुणसम्पन्न भएको कुरा पत्नी वा बुहारीलाई तिमीले आफ्नो विद्वत्ताको बलमा हामीलाई ज्ञानको उपदेश गर भन्ने भावयुक्त मन्त्र (१४:१:२०) बाट बोध हुन्छ। त्यस्तै नारीलाई ऐश्वर्य र समृद्धि दिन सक्ने, वैदिक ज्ञानको प्रयोक्तृ पवित्र शुद्ध र यज्ञसमान पूजनीया (११:१:१७), पुरुषले आफ्नो सौभाग्यका निम्ति उनको हात समातेको (१४:१:५०), कन्याहरू ब्रह्मचर्यमा रही विदुषी र युवती भएपछि विवाह गर्न समर्थ (११:५:१८) जस्ता विविध समाजसापेक्ष नारीवादी व्यवहार वर्णनले यस ग्रन्थका मन्त्रहरू नारीसमानता र स्वतन्त्रताको संरक्षणका लागि प्रेरणाप्रद रहेको कुरा प्रमाणित हुन्छ।

## ५.४ सामवेदमा नारी

सामवेद विशेष गरी गेयात्मक साहित्यग्रन्थ भएकाले नारीप्रेरणा प्राप्ति र उच्च सम्मानस्वरूप भनेर कुनै सिङ्गो अध्याय नरचिएको भए पनि विविध स्थान र प्रसङ्गहरूमा नारीप्रति सम्मानभाव भने व्यक्त भएको पाइन्छ।

## ६. वैदिक साहित्यमा नारी अधिकारको चर्चा

वेदसाहित्यमा नारीहरूलाई लक्ष्मी, दुर्गा, सरस्वती, शक्ति आदि गहन सार्थक संज्ञा दिएर सम्मान गरिएको छ। पालनाशक्ति र धनीका देवी लक्ष्मी, शक्तिस्वरुपिणी दुर्गा, विद्याकी देवी सरस्वती, देवमाता अदिति, देवता र पितृकी अधिष्ठात्री स्वाहा र स्वधादेवी, अन्नकी अधिष्ठात्री देवी अन्नपूर्णा, वेदगर्भा, ब्राह्मी, माहेश्वरी, वैष्णवी आदि विविध शक्तिका रूपमा पूजा गर्दै नारीसम्मान प्रकट गरिएको छ (त्रिवेदी, २०५३:१०२)। यसैगरी विभिन्न अधिकार र ओहदामा रहको नारीशक्तिहरू उषा, इन्द्राणी, सुलभा, असु, श्रद्धा, सीता, पुरन्धि, सविता, अर्यमा लगायतका नारीशक्तिहरूको सद्गुणको व्याख्या, प्रार्थना आदि चर्चाले

वैदिक साहित्य भरिएको छ ।

आर्यजातिमा नारीलाई आर्या नामले सम्बोधन गर्नुका साथै विविध अधिकारबाट सम्पन्न तुल्याइउको छ । वैदिक कालका नारीहरू यज्ञोपवीत (जनै) धारणा गरेर वेदाध्ययन गर्दथे (त्रिवेदी:२०५३:१०४) । ब्रह्मवादिनीहरू वेदाध्ययन पनि गर्दथे । पछि गएर नारीहरू आचरणमा रहन नसक्नुको कारणले उक्त व्यवस्था हट्दै गएको पाइन्छ । उनीहरूलाई छुट्टै विशेष किसिमको भवनभित्र राखेर सम्मान गरिन्थ्यो । उनीहरूलाई सहधर्मिणीको सम्मान प्राप्त थियो । यज्ञयागादि कर्म पूर्ण गराउने शक्ति नारीमा रहेकाले पूजाआजामा नारीको उपस्थिति अनिवार्य मानिन्थ्यो । उनीहरू २५ वर्षसम्म ब्रह्मचर्यमा रहेपश्चात् वैवाहिक जीवनमा आबद्ध हुन्थे । सभा, सम्मेलन, युद्ध, कला, कौशलनिर्माण आदि क्षेत्रमा पुरुषकै साहचर्यमा उनीहरूको उपस्थिति रहन्थ्यो । पुरुषलाई उत्तम गति प्रदान गर्ने, जीवनको अपूर्णतालाई पूर्णता दिने शक्तिका रूपमा नारीलाई सम्मान गरेर वैदिक साहित्यले नारीप्रति न्याय गरेको छ । जीवनयात्रा तथा सामाजिक संरचनाका कुनै पनि पक्षमा नारीलाई पन्छाएको वा पर सारेको उल्लेख वैदिक साहित्यमा पाइँदैन । अत: वैदिक साहित्य नारीवादी विचार तथा अधिकार प्रदान गरिएको समभावलाई आत्मसात् गर्ने उत्कृष्ट एवम् सर्वप्राचीन साहित्यका रूपमा मूल्याङ्कित भएको पाइन्छ ।

## ७. वैदिक साहित्यमा नारीशक्तिको उच्च स्थान

नारी सृष्टिको रूप हो । सृजनात्मक केन्द्रीय शक्ति पनि नारी नै हुन् । विश्व ब्रह्माण्डका रचयिता, मूलकारण ईश्वर (पुरुष) हुन् भने सृजनात्मिका शक्ति, माया (प्रकृति) हुन् । माया अर्थात् नारीशक्तिकी प्रतीक प्रकृतिलाई साथमा लिएर ईश्वरले यस ब्रह्माण्डको रचना गरेका हुन् भन्ने वैदिक दर्शनमा आधारित सृष्टिवर्णनले पनि यही विषयलाई आधार बनाएको छ । विश्वको आदिम ग्रन्थ मानिएको ऋग्वेदलगायत अन्य वेद र आरण्यक ग्रन्थहरूमा पनि नारीहरूको विद्वत्ता, तपोनिष्ठा, ज्ञान, गुणवत्ता र शीलताको चर्चा परिचर्चा भएको पाइन्छ । पुराण साहित्यका केही प्रसङ्गहरूलाई छोडेर अन्य पक्षलाई समग्रतामा हेर्ने हो भने नारीप्रति वैदिक साहित्य खुलेर प्रशंसा गर्न अग्रसर भएको देखिन्छ । कतिपय सन्दर्भमा तात्कालिक समाज संरचना, न्यायप्रणाली, व्यवहार आदिका एकपक्षीय कुराहरूलाई लिएर वर्तमानको परिप्रेक्ष्यमा संस्कृत साहित्य नारीप्रति अनुदार देखियो भन्नु केवल पूर्वाग्रही धारणा मात्र सक्रिय भएको मान्न सकिन्छ । सानो कुराले त्यति बृहत्तर उदारताको पाटोलाई ओझेलमा पार्न कति उपयुक्त वा अनुपयुक्त छ, त्यो पुनर्व्याख्याको विषय अवश्य नै बन्दछ । यथातथ्य यही नै हो भनेर आत्मसात् गरेको खण्डमा वैदिक साहित्य नारीप्रति निकै उदारवादी र नारीहक, समानता र स्वतन्त्रताका पक्षमा उभिएको देखिन्छ । वैदिक कालिक नारीहरूलाई उपनयन संस्कार गरेर वेदाध्ययन गर्ने र गराउने अधिकार रहेको, बालविवाहप्रथाको विरोध गर्दै पूर्ण वयस्क भएपछि कन्याले स्वयंवर गर्न पाउने अधिकार, पैतृक सम्पत्तिको अधिकार, मातृसत्तात्मक समाज व्यवस्था, युद्ध, सभा, सम्मेलन आदिमा नारी सहभागिता, मन्त्रद्रष्ट्री ऋषिकाहरूप्रतिको उच्च सम्मानजस्ता विविध पक्षलाई वैदिक साहित्यले समेटेर नारीलाई उच्च समान/स्थान दिएको छ । जनकपुरका राजा विदेहका गुरु याज्ञवल्क्यसँग विदुषी गार्गीले निकै तर्कपूर्ण प्रश्न सोधेपछि याज्ञवल्क्यले त्यति धेरै विद्वत्तापूर्ण प्रश्न नसोध्न आग्रह गरेको प्रसङ्गबाट नारीहरूले सुशिक्षित हुने पूर्णाधिकार प्राप्त गरेको कुरा समेत वैदिक साहित्यमा

उल्लेख भएको छ । त्यस्तै विदुषी मदालसाले आफ्नो पुत्रलाई असल र ज्ञानी तुल्याउन सानैदेखि संस्कार बसाल्न खोजिएको जस्ता प्रसङ्गहरू वेदमा मात्र नभएर उपनिषद् र ब्राह्मणग्रन्थहरूमा समेत समावेश गरिएका छन् । पूर्वीय दर्शनले देखाएको नारीसम्मानको पाटो बरु वर्तमानतिर आउँदै गर्दा बिचमा देखिएका गडबडीले नारीहक, अधिकारमा कटौती हुँदै आएको अनुमान गर्न सकिन्छ ।

## ७. उपसंहार

प्राचीन सभ्यताको केन्द्रबिन्दु वैदिक साहित्यमा नारीशक्तिलाई दैवीशक्तिका रूपमा सम्मान गरिएको छ । नारीकै अति सम्मानित रूप महाकाली, महालक्ष्मी, महासरस्वती आदि भनेर जुन रूपमा कन्या हुँदाको अवस्थादेखि नै नारीको पूजा, सम्मान गर्ने उनीहरूलाई शिक्षादीक्षा दिनुका साथै अध्यापन आदिका क्षेत्रमा समेत सहभागी गराइएको कुरा वैदिक साहित्यमा चर्चित छ । कुनै बेला मातृसत्तात्मक जीवनपद्धति रहेको अवस्थासम्म ल्याइपुऱ्याएर नारीलाई उच्च सम्मान प्रदान गरेको वैदिक साहित्यमा, उल्लिखित प्रसङ्गहरूलाई वर्तमानमा समेत सुधारात्मक तरिकाले अपनाउन सके 'यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः' भन्ने समाज परिवर्तनमुखी नारा व्यवहारमा पनि लागु हुने थियो ।

## सन्दर्भसामग्री

दाहाल, लोकमणि, (२०६८), संस्कृत-साहित्येतिहासः (च.सं.) वाराणसीः चौखम्बा अकादमी
पोद्दार, हनुमान्प्राद (सम्पा.) (२०५३), नारी अङ्क, गोरखपुर : गीताप्रेस ।
अथर्ववेदसंहिता, दिल्ली : नाग प्रकाशन, सन् १९९७
ऋग्वेदसंहिता, वाराणसी : चौखम्बा विद्याभवन, सन् १९९१
शुक्लयजुर्वेदसंहिता, वाराणसी : मोतीलाल वनारसीदास, सन् १९७८
सामवेदसंहिता, दिल्लीः नाग प्रकाशन, सन् १९९२
शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, २०७२, पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त (चौ.सं.), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।